# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



ज्ञानको खोजीमा लागि रहनुभएका त्यागी भेषका शिद्धार्थ कुमारलाई ज्ञान प्राप्तिपछि पहिला राजगृहमा सवारी भईदिन अग्रिम निमन्त्रणा गर्नुहुंदै राजा बिम्बिसार

वर्षः ४२, अङ्कः ३

बु.सं. २५६८, ज्याः पुन्हि

# धर्मकीर्ति विहारय् न्हिच्छि यंकं अभिधर्म पाठया किपा



धर्मदेशना यानाबिज्यास्य श्रद्धेय धम्मवती गुरुमां



अभिधर्म विषय धर्मदेशना यानाबिज्यास्य श्रद्धेय गुरुमां सुजाता



धम्मसङ्गणि पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
अनुपमा, अग्गञाणी व चित्तारक्खिणी



विभङ्ग पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
जयवती, वीर्यवती व शुभवती



धातुकथा पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
दानवती, मेत्तावती व कुशलवती



पुग्गलपञ्ञति पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं
केशावती, खेमावती व पवरञाणी



कथावत्थु पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं पञ्ञावती, सुजाता व सुनन्दावती



यमक पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं त्यागवती व निर्मलञाणी



पट्ठान पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं नन्दावती, विमलञाणी, ईन्दावती व वजिरा

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ५३५९४६६

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोनः ९८४१५३४१०९**

सम्पादन सहयोगी
**भिक्षुणी शुभवती**
**फोनः ९८४१३२९००५**

व्यवस्थापकहरु
**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ५३५९४६६
email: gurumawiryawati@gmail.com
subhawati26@gmail.com

बुद्ध सम्बत् २५६८
नेपाल सम्बत् ११४४
इस्वी सम्बत् २०२४
बिक्रम सम्बत् २०८१


| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

**22nd JUN 2024**

| वर्ष- ४२ | अङ्क- ३ | ज्याः पुन्हि | असार २०८१ |
|---|---|---|---|


**सहस्सम’पि चे वाचा – अनत्थपदसंहिता**
**एकं अत्थपदं सेय्यो – यं सुत्वा उपसम्मति**

**“अनर्थपदं युक्तगु खँ दोलं – दो ल्हाय्‌गुया सिबें अर्थ युक्तगु खँ छगू जक ल्हाय्‌गु उत्तम । गुगु खँ न्यना: शान्ति प्राप्त ज्वी ।”**

**“अर्थ न वर्थको पद भएका सहस्र वाक्य बोल्नु भन्दा सार्थक-पद एउटा मात्र बोल्नु नै श्रेष्ठ छ जुन सार्थकपद सुन्नाले शान्ति मिल्दछ ।”**

**“Even though a speech be a thousand (words), but made up senseless words, one word of sense is better, which if a man hears, he becomes quiet.”**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय "मगध यात्रा" | – | २ |
| ३) | सम्पादकीय- भौतिक सुख र आध्यात्मिक सुख | – | ३ |
| ४) | स्नेही छोरी "मिचिना" | – बर्मी भिक्षु र वे थ्वं महास्थविर | ४ |
| ५) | धर्म शब्दको अर्थः एक अध्ययन–४ | – कुसलञाणी गुरुमां | ८ |
| ६) | नेपाःया बुद्ध-सासनय् आजीवन समर्पित महासद्धम्मजोतिकधज दि. सत्यशीला गुरुमां | – अमिता धाख्वा | ९ |
| ७) | न्याय वर्ग | – सत्यमोहन जोशी | ११ |
| ८) | धर्मकीर्ति समाचार | – | १३ |


*आवरण चित्र परिचय*

# मगध यात्रा

**– आचार्य सत्यनारायण गोयन्का**
**भावअनुवादः वीर्यवती**

राजकुमार सिद्धार्थ अनोमा नदी पार गरी श्रमण भेष धारण गरी एक्लै मगध देशको यात्रा गर्नुभयो। गृहत्यागी जीवनको नयाँ अनुभव थियो यो उहाँलाई। बाटोमा अनुप्रिया गाउँ नजिकै एक घना आम्रवन थियो। अनुप्रियाको आम्रवनमा एक हप्तासम्म एक्लै रहनुभयो। उहाँले एकान्त वनवासको प्रव्रज्या सुख अनुभव गर्नुभयो। ध्यानभावना सिक्नको लागि उहाँले आचार्य आलरकालाम समक्ष जाने निर्णय गर्नुभयो।

त्यसपछि उहाँ अनुप्रियाबाट पनि अगाडि जानुभएपछि मगधको राजधानी राजगिरीमा पुग्नुभयो। उक्त नगरको राजमार्गको घरघरमा भिक्षाटन गर्दै अगाडि बढ्नुभयो। जनताहरूले उहाँको चम्किलो अनुहार र आजानुभुज (लामा हातहरू) र आकर्षक वृहत शरीर देखेर आश्चर्य चकित भए। तिनीहरूले यस्तो आकर्षक व्यक्तित्वले भिक्षाटन गरेको कहिले पनि देखेका थिएनन्। उहाँलाई देख्ने जो कोही पनि मानिस आँखा नझिम्काई आश्चर्यचकित भई एकटक उहाँलाई हेरिरहेका थिए।

मगध नरेश बिम्बिसार पनि राजमहलको बार्दलीमा उभिई राजमार्गबाट भिक्षाटन गर्दै आउनुभएका भव्य व्यक्तित्वका धनी सिद्धार्थ कुमारलाई आश्चर्य चकित भई हेरिरहे। बिम्बिसार राजाले बिचार गरे –

"यो कोही सामान्य र साधारण मानिस होइन। तर को हालो यो ? थाहा पाउनको लागि उनले आफ्ना राजपुरुष उहाँको पछाडि लगाइदियो। ती राजपुरुषहरूले देखे "सिद्धार्थ कुमारले आफूलाई भोजन पुगेपछि भिक्षाटन नगई उहाँ नगर बाहिरको पाण्डु गुफाको एक चट्टानमा बसी आहार सेवन गर्नुभयो। तर आहार सेवन गर्दा उहाँलाई ज्यादै कठिन भएको थियो। भित्री मनले उक्त आहार स्विकारिरहेको थिएन। फलस्वरूप आहार घाँटीबाट तल पठाउन कठिन भइरहेको देखिन्थ्यो। आहार मुखमा राखि निल्न खोज्दा पेटभित्र रहेको आन्द्रा नै निस्किएलाकि जस्तो वाकवाकी लागेको देखिन्थ्यो। वास्तवमा भिक्षाटन गरी मिलेको आहार यो प्रथम पटकको थियो। रूखा सुखा यस्तो आहार उहाँले आफ्नो राजकुमारको जीवनमा कहिले पनि देख्नु भएको थिएन। खानु त कता कता। तैपनि आफ्नो मनलाई धैर्य गराई उक्त आहार सेवन गरेरै छोड्नु भयो। राजसेवकहरूले देखेमा यी सबै सत्यतथ्य घटनाहरू विषयमा राजा बिम्बिसारलाई बेलि विस्तार लगाए। त्यसपछि राजा बिम्बिसार स्वयं सिद्धार्थ रहनुभएको स्थानमा पुग्नुभयो। त्यतिञ्जेल गृहत्यागी सिद्धार्थले भिक्षाटनबाट प्राप्त भोजन सेवन गरिसक्नु भएको थियो।

राजा बिम्बिसार त्यहाँ पुग्ने बित्तिकै गृहत्यागी (सिद्धार्थ कुमार) लाई नमस्कार गरी प्रश्न गरे– "तपाईं

*( क्रमशः पेज १७ मा हेर्नुहोला )*

## ▪ सम्पादकीय ▪

# भौतिक सुख र आध्यात्मिक सुख

एक स्वस्थ धार्मिक व्यक्ति बन्नका लागि भौतिक सुख (शारीरिक सुख) र आध्यात्मिक सुख (मानसिक सुख) दुबैको आवश्यकता हुन्छ । किनभने यी दुबै सुख एक आपसमा परिपूरक छन् । भौतिक सुख बिना आध्यात्मिक सुख प्राप्त गर्न असमर्थ हुन्छ भने आध्यात्मिक सुख बिना भौतिक सुखको केही मतलब हुँदैन ।

भौतिक सुख भन्नाले हाम्रो मन सहितको शरीरलाई स्वस्थ र जीवित राख्नका लागि चाहिने आधारभूत आवश्यकताहरूलाई लिइन्छ । ती यसरी छन्–

१) आहार - आहार वा खाना नखाई हामी बाँच्न सक्दैनौं ।
२) बास स्थान - शरीर र धन रक्षार्थ चाहिने स्थान ।
३) लुगा - शरीर रक्षार्थ चाहिने पदार्थ ।
४) औषधि - शरीर र मन अशक्त हुने अवस्था हटाउन प्रयोग गर्नुपर्ने पदार्थ ।
५) शिक्षा -

यसरी चाहिंदो मात्रामा माथि उल्लेखित ५ प्रकारका भौतिक सुख सुविधा प्राप्त भइसकेपछि हामीले समय समयमा आफ्नो मन वा चित्तलाई तन्दुरुस्त पार्न आध्यात्मिक शान्ति प्राप्त गर्ने खोजीमा लाग्न आवश्यक हुन्छ ।

बुद्ध शिक्षानुसार आध्यात्मिक शान्ति प्राप्त गर्नका लागि ३ वटा खुड्किलाहरू चढ्न अत्यावश्यक छ ।

१) शील २) समाधि र ३) प्रज्ञा

१) शील- आफ्नो शरीर, वचन र मनले कुनै पनि प्राणीको शरीर, मन, धन र यशकीर्तिमा हानी नपुऱ्याइकन व्यवहार गर्ने । अर्को शब्दमा भन्ने हो भने आफ्नो शरीर वचन र मनलाई आफ्नो स्वार्थ परिपूर्ति गर्ने मनसायले अरूको शरीर, मन, धन र यशकीर्तिमा हानी पुग्ने कुकर्महरू नगर्न लगाम कस्ने । यसको लागि भगवान् बुद्धले ५ वटा नियमहरू पालन गर्नुपर्ने सल्लाह दिनु भएको छ, त्यसलाई पञ्चशील भनिन्छ ।

क) प्राणी हिंसा नगर्नु- अन्य प्राणीहरूलाई अहित चिताई उनीहरूको मन र शरीरमा हानी नोक्सानी नपुऱ्याउने ।

ख) अरूको धन अनुमति बिना नलिने- अर्काको अधिनमा रहेका चीज बस्तु, धन सम्पत्ति हकवालाको अनुमति बिना नलिने ।

ग) व्यभिचार कार्य नगर्ने- विवाहित पुरुष वा स्त्रीले आफ्ना विवाहित श्रीमान् वा श्रीमती बाहेक अरू व्यक्तिमा लोभ दृष्टिले व्यवहार नगर्ने ।


घ) आफ्नो वचनलाई संयम गर्ने- आफ्नो स्वार्थपूर्तिको लागि, झूठो नबोल्ने, चुकली नगर्ने, कडा वचन प्रयोग नगर्ने, काम नलाग्ने बकवासहरू नगर्ने ।

ङ) मद्यपान नगर्ने-

आफ्नो शरीर र मनलाई वेहोश पार्ने पदार्थहरू सेवन नगर्ने ।

२) समाधि- हाम्रो चित्तले शरीरका पाँचवटा ढोकाहरू (आँखा, कान, नाक, जीब्रो र शरीर) बाट बाहिर बाह्य वातावरणको स्पर्श गरी संधै भौतिक चीज वस्तुमा मात्र आशक्त र लिप्त रही राग (आफूलाई मनपर्ने घटना, व्यक्ति र चीज वस्तुहरू आदिमा आशक्त रही बारम्बार त्यसको चाहना गर्नु) र द्वेष (आफूलाई मन नपर्ने घटना, व्यक्ति र चीज वस्तुहरू आदिबाट असन्तोष भई मनमा घृणा उत्पन्न गरी क्रोधित हुनु, भयभित हुनु, रूनु, कराउनु आदि) जस्ता दूषित भावनाहरू उब्जाउन रमाउने गर्छ । यसरी भौतिक चीज वस्तुहरूमा मात्र भुलिरहने बानीले मानसिक शान्ति प्राप्त गर्न कठिन हुन्छ । त्यसकारण शीलले बाँधिएको मनलाई विस्तारै शरीरका पाँच ढोकाहरूबाट मनपरी बाहिर डुल्न नदिई आफ्नै शरीरभित्र के भइराखेको छ, सो यथार्थ अवस्था बारे हेर्ने र जाँच्ने काम दिने । यसको लागि सबभन्दा पहिला आफ्नो मनलाई नाकको प्वालबाट श्वास प्रश्वास भित्र बाहिर गरिरहेको गतिविधिलाई हेर्ने काम दिने । यस काममा निरन्तरता दिएर एकाग्र रहेको चित्तलाई आफ्नो शरीरका हरेक भागमा एकपछि अर्कोमा (टाउकोको टुप्पो देखि पाइतालासम्म) भइरहेको परिवर्तनलाई हेर्न लगाउने) यस कार्यमा अभ्यास गरी निपूर्ण भएपछि हामीले अनित्यताको ज्ञान अनुभव गर्नसक्ने छौं ।

*( क्रमशः पेज ११ मा हेर्नुहोला )*



भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## *भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## १८. मिचिना

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**

*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

धम्मवती र उसका सहयात्रीहरू बासबसेको ठाउँबाट मिचीनातिर जाने मोटरको बाटोको केही भाग अझै पनि निर्माणावस्थामा नै थियो। त्यस बाटोमा अझै दैनिक बससेवा चलिसकेको थिएन। त्यस बाटोको पछिल्लो भागमा भइरहेको निर्माण कार्यमा कार्यरत एक-दुई ओटा ट्रकहरूमात्र आकलझुकल आवत-जावत गरिन्थ्यो। निर्माणाधीन इलाकाबाट मिचीना शहरतिर जाने ट्रकहरू बिहानको दशबजे देखि दिउँसो चार-पाँच बजेसम्ममा कुनै पनि बेला आउन सक्थ्यो। त्यसैले बिहान दशबजे भित्रै खाइवरी मिचीनातिर जाने सबै यात्रुहरू मिचीनातिर जाने ट्रकको प्रतिक्षामा सडकमा कुर्न गए।

सडकमा मोटर कुरिरहँदा माहुतेको नाइकेले स्थविर धम्मावुधलाई के सल्लाह दिए भने, धम्मवती पासपोर्ट र भीसा बिना बर्मा आएकी हुनाले प्रहरीले छानबिन गरेमा अनावश्यक झमेला उत्पन्न हुनसक्छ। त्यसैले मिचीना शहर भित्र नपसिकन सिधै रंगून जाने मूल बाटोतिर लाग्नु श्रेयष्कर होला। तर छः दिन छः रातको कठिन यात्राबाट स्थविर र धम्मवती दुबै जना सार्‍है थाकिसकेकाले एक-दुई दिन मिचीना शहरस्थित विहारमा आराम नगरिकन सोझै रंगूनतिर लागेमा बीच बाटोमा नै थला पर्न सक्नुका साथै त्यसरी जाँदा बीच बाटोमा अपर्झट अरू जुनसुकै समस्या परेमा पनि झन बढी दुःख पाइने हुन्थ्यो। त्यसैले मिचीना शहर स्थित विहारमा एक-दुई दिन आराम गरेर त्यस अवधि भित्रमा आफ्नो जान-पहचानका रंगूनस्थित सरकारको ठूलठूला ओहदामा बसेका दायकहरूसित टेलिग्राम मार्फत सम्पर्कराखी आवश्यक व्यवस्था मिलाइसकेपछि मात्र सुरक्षित रूपमा रंगूनतिर जानु उचित हुने कुरो स्थविरले माहुतेको नाइकेलाई सम्झाउनु भयो। स्थविरको योजना बढी व्यवहारीक देखिएकाले माहुतेको नाइकेले त्यस प्रसङ्गलाई छोडी स्थविरसित बुद्ध-धर्म सम्बन्धमा छलफल गर्न थाले। यस्तैमा मिचीनातिर जाने एउटा ट्रक आइपुग्यो। मिचीनातिर जाने सबै यात्रुहरू त्यस ट्रकमा बसेर गए।

अझै पीच भइनसकेको त्यस ग्राभिल बाटोमा त्यो ट्रक सकभर छिटो कुदाएको भएतापनि बिहान एघार बजेतिर ट्रकमा बसेका यात्रुहरू साँझ पाँच बजेतिर मात्रै मिचीना शहरमा पुगे। मिचीना शहरमा ट्रकबाट ओर्लेपछि स्थविर धम्मावुध र शीलवती धम्मवतीले, आफूहरूलाई सुरक्षित रूपमा त्यहाँसम्म आउनमा साथ दिएकाले माहुतेको नाइकेका साथै सबै माहुतेहरूलाई सहृदय धन्यवाद दिए। माहुतेहरूसित शिष्टाचारपूर्वक बिदावारी लिइवरी, उनीहरू मिचीना शहर स्थित विहारतिर लागे।

सबै कुरो थाहा गरिसकेपछि मिचीना शहर स्थित विहाराधिपति, स्थविर धम्मावुधको शासनिक कार्य प्रतिको लगनशीलता र शीलवती धम्मवतीको अगम्य साहस देखेर साह्रै नै प्रभावित हुनुभयो। त्यस्तै नै प्रभावित भए त्यस विहारमा भएका अरू भिक्षुहरू र त्यहाँ आउने उपासक उपासीकाहरू पनि। धम्मवतीको साहसी यात्रा वर्णन र उसले लगाई आएको अनौठो प्रकारको लुगाको कारण अर्को दिनभरसम्ममा धम्मवती अनायास नै मिचीना शहरबासीहरू बीच एउटा चर्चित व्यक्ति हुन पुगी।

त्यसताका बर्मामा एकलाख भन्दा बढी नेपालीहरू बसोबास गरिरहेका थिए। पहाडी मुलुक नेपालका आदिबासीहरू जीविकोपार्जनका लागि जुनसुकै देशमा पुगेतापनि पहाडी भेगमा नै बस्न बढी रूचाउँछन्। बर्मामा पुगेका नेपालीहरूमध्ये पनि अधिकांश नेपालीहरू उत्तरी बर्माको पहाडी इलाकामा नै थिए। मिचीना जिल्लामा बीस हजार भन्दा बढी नेपालीहरू थिए। धम्मवतीको चर्चा फैलिँदै गएर त्यहाँ स्थित नेपालीहरूको

समुदायमा पनि पुग्यो ।

कुनै कुरोलाई यथार्थ रूपमा बुझ्ने कष्ट नगरिकन आफ्नै ढंगले बुझ्नु र "ल है, ल है" मा लाग्नु वर्तमान युगका आम नेपालीहरूको सामान्य चिनारी भन्नु अत्युक्ति हुनेछैन ।

धम्मवतीको सन्दर्भमा पनि त्यसबेला त्यही हुन गयो । सुरुमा– "एउटी गोरखाली शीलवती बुद्ध-धर्मको अध्ययन गर्न अगम्य साहस गरेर आसामको बाटो पैदल यात्रा गरेर बर्मामा आएकी छे" – भनेर प्रचार भएको कुरो एक कान, दुई कान मैदान हुँदा हुँदै नेपाली समुदाय भित्र चर्चा हुँदै जाँदा अन्तमा – "एउटी गोरखाली केटीलाई एउटा बर्मी भिक्षुले अनौठो लुगा लगाउन दिएर नक्कली शीलवती बनाएर, फकाएर ल्याएको छ रे" – भन्ने हुन गएछ ।

सबै जातिको फूलवारी मानिएको नेपाल देश सानो भएतापनि त्यहाँ धेरै जातिका मानिसहरू मिलिजुली बसोबास गर्दछन् जस्तै – तामाङ्ग, मगर, गुरूङ्ग, राई, लिम्बु, नेवार, बाहुन, क्षेत्री, थारू, थकाली, लाप्चे, शेर्पा, आदि इत्यादि । यी विभिन्न जातिहरूमध्ये नेवार जातिकी भनिन सक्छ धम्मवतीलाई । तर वास्तवमा "नेवार" यो एउटा जाति विशेष सूचक शब्द नभइकन, पुरानो युगको नेपाल देशको केन्द्रिय राज्य भित्र पर्ने काठमाण्डौ उपत्यका भित्रका नेपालीहरूको एकता सूचक शब्द मात्र हो । नेवार भनिने मानिसहरू भित्र ज्यापू, शाक्य, उदास, श्रेष्ठ आदि अनेक जातिका मानिसहरू पर्दछन् । धम्मवती शाक्य जातिकी छे । शाक्य, यो एउटा धेरै पुरानो जाति हो । शाक्य जातिको इतिहास हजारौं वर्ष पुरानो छ । भगवान बुद्ध र सम्राट धर्माशोक पनि शाक्य जातिका नै हुन् । मूल त शाक्य जाति क्षत्रिय हो ।

पुरानो युगका नेपालीहरू बीचको एकता सूचक शब्द नेवार भए झै वर्तमान युगका नेपालीहरू बीचको एकता सूचक शब्द 'गोरखाली' हो । गोरखालीहरू वीर, साहसी तर अति सीधासादा स्वभावका हुन्छन् । त्यसैले हजारौं गोर्खाली युवकहरूलाई बहकाएर विदेशमा लगी विदेशी सरकारको सुरक्षाका लागि बलिको बोका हुने सिपाही बनाएका छन् त सयौं गोरखाली युवतीहरूलाई बहकाएर विदेशमा लगेर विदेशीहरूको कामवासनाको शिकार बनाएका छन् । गोरखालीहरूमा आफ्ना युवकहरूलाई बलिको बोका बनाउने प्रक्रियाको विरोध गर्ने जन चेतना अझै त्यति प्रवल रूपमा जागरण भइनसकेता पनि आफ्ना युवतीहरूलाई कामवासनाको शिकार बनाउने प्रक्रियाको विरोध गर्ने चेतना भने तिव्र रूपमा जागरण भइसकेको छ । गोरखालीहरू आफ्नो समुदायकी कुनै एउटी केटीलाई कुनै अर्को समुदायको कामवासनाको शिकार त के आफ्नो समुदायकी कुनै एउटी केटीले आफ्नो स्वइच्छाले कुनै अर्को समुदायको मान्छेको धर्मपत्नी बन्न खोज्ने कुरोलाई पनि सहज स्वीकार्न चाहदैनन् ।

एकजना बर्मी भिक्षुले एउटी गोरखाली केटीलाई फकाएर ल्याएको छ रे भन्ने हल्ला सुनेर वरपरका थुप्रै गोर्खालीहरू मिचीना स्थित विहार बाहिर जम्मा भए । त्यसरी जम्मा भएका गोरखालीहरूले सबैभन्दा पहिले दुई चार जना बुढीहरूलाई पठाएर धम्मवतीसँग कुरा थुत्न लगाए । पराइ देशमा आफ्ना स्वजाती आइमाईहरूसित कुरा गर्न पाएकी धम्मवतीले ती बुढीहरूलाई सम्पूर्ण कुरो केही नढाँटिकन खुलस्त बताई ।

बुद्धको जन्मभूमी नेपालमा अधिकांश जनता मूल त बौद्ध नै हुन् । तर त्यहाँका धर्मभिरू र धर्मगुरूहरूमा पलाएको लोभको कारण, उनीहरू पुरोहिताइ र जजमानी काममा मात्र लिप्सिएपछि, उनीहरूले बुद्ध-धर्मका वैज्ञानिकतालाई त्यागी बुद्धको प्रादुर्भावले सम्पूर्ण जम्बुद्वीपमा घरमराइ सकेको इश्वरवादी भक्तिमार्ग र कर्मकाण्डमा मात्र जोडदिने गरिरहेका छन् । उनीहरू अनिश्वर-अनात्मवादी, वैज्ञानिक हेतुवादको प्रवर्तक, तथागत सम्यक सम्बुद्धलाई पनि इश्वरको अवतार मनाउनमा सफल भएका छन् । त्यसैले नेपालीहरूले बुद्धलाई पुज्ने गरेतापनि बुद्धको महिमालाई बिर्सिसकेका छन् । मिचीना शहरवासी गोरखालीहरूमा पनि बुद्ध र बुद्ध-धर्मको महिमालाई बुझ्न सक्ने क्षमता देखिएन । बुद्ध-धर्मको महत्व बुझ्न नसकेका ती गोरखालीहरूले धम्मवतीबाट ऊ को हो र किन, कहाँबाट कसरी त्यहाँसम्म आइपुगी भन्ने कुरो सबै थाहा गरिसकेपछि, उनीहरू के निष्कर्षमा पुगे भने– "नेपालको राजधानी काठमाण्डौ शहरमा, आम नेपालीहरूले आफ्नो पूंजीको रूपमा लिने, विभिन्न धातुका भाँडा-वर्तनहरूको उद्योग-व्यापारमा लागेका, एउटा प्रतिष्ठित परिवारकी छोरीले यदि साँच्चै नै बुद्ध-धर्मको अध्ययन गर्ने अभिप्रायले बर्मा आउन

चाहेकी भए उसलाई अनकन्तार जंगलको बाटो पैदल त के पानी जहाजबाट पनि नपठाइकन हवाइजहाजबाट पठाउनु पर्ने हो । त्यसैले ती केटी बुद्ध-धर्मको अध्ययन गर्ने प्रलोभनमा भागेर आएकी या भगाइ ल्याएकी नै हुन् । त्यसरी बहिकिएर आएकी एउटी स्वजाति केटीलाई त्यस बर्मी भिक्षुबाट उम्काएर आफूहरूसित सुरक्षित रूपमा राखी, पछि उसको घरका मानिसहरूलाई खबर गरेर, मिचीनामा बोलाई उनीहरूको साथ लगाई पुनः घरमा फिर्ता पठाउनुपर्छ ।" – यसरी निधो गरेका गोरखालीहरूले सर्वप्रथम धम्मवतीलाई – त्यस बर्मी भिक्षुको बहकाइमा नबहकिकन मिचीनाबाटै नेपाल फर्कन सम्झाउने-बुझाउने भरमगदूर प्रयत्न गरे । तर आमा-बाबु र गुरूले सम्झाउँदा त पछि नहटिकन ज्यानको बाजी लगाएर बर्मा पसेकी धम्मवती ती चिनजान नभएका, विदेशमा बसेका मानिसहरूको कुरा सुनेर पछि हट्ने त कुरै भएन । त्यसरी धम्मवतीलाई सम्झाएर फर्काउन नसके पछि ती गोर्खालीहरू स्थविर धम्मावुधलाई सम्झाउन अग्रसर भए । गोरखालीहरूको कुरो सुनेपछि स्थविर धम्मावुधले ती गोरखालीहरूलाई उनीहरूको भ्रम निवारण गर्न सक्दो प्रयत्न गर्नु भयो । तर पूर्वाग्रहले ग्रसित गोरखालीहरू स्थविर धम्मावुधको कुरा मान्न तयार भएन । उनीहरूले स्थविरलाई धम्काएर तर्साएर भएपनि धम्मवतीलाई उहाँको पञ्जाबाट उम्काउने प्रयास गरे । त्यसरी धम्काउँदा पनि गुरू-चेली दुबै जना विचलित नभएपछि अन्तमा उनीहरू कानूनी कारवाही गर्न अग्रसर भए ।

मिचीना जिल्लामा बसेका गोरखालीहरू सुसंगठित थिए । मिचीनामा "नेपाली गोरखापरिषद् र 'अखिल बर्मा गोरखापरिषद' गरी गोरखालीहरूको दुईटा संगठन थिए । ती गोरखालीहरूले उपरोक्त संगठन मार्फत स्थविर धम्मावुध र शीलवती धम्मवतीको सन्दर्भमा राम्ररी छानबिन गरी गोरखाली समुदायको भ्रम निवारण गरियोस् भन्ने आसयको उजुरी हाले । यसरी निवेदन परेपछि स्थविर धम्मावुध र शीलवती धम्मवतीलाई थानामा बोलाइयो । गुरू-चेली दुबै जनाको बयान र उनीहरूको बयानलाई सत्य प्रमाणित गर्ने धम्मवतीकी आमा हिराथकूँले स्थविर धम्मावुधलाई आफ्नी छोरी सुम्पँदै लेखेको पत्रको छानविन भएपछि गोरखालीहरूको आशंका मिथ्या सावित भयो । तर नियमानुसार पासपोर्ट र भिसा देखाउनु नसकेको कारण धम्मवतीलाई कानूनी कारवाही गरिने भयो । प्रचलित कानून बमोजिम पासपोर्ट र भिसा देखाउन नसकेको कारण देखाएर नियमानुसार पासपोर्ट र भिसा दिलाई पाउन धम्मवतीले निवेदन दिनुपर्‍यो । उक्त निवेदन उपर कारवाही भई पासपोर्ट र भिसा बनी नआउन्जेल धम्मवती सरकारी कारागारमा अथवा कुनै मान्य जमानतको आधारमा सरकारी निगरानीमा रहनुपर्ने भयो । तर स्थविर धम्मावुधले तत्काल कुनै मान्य जमानत पेश गर्नु सक्नु भएन । त्यसैले धम्मवती थुनामा रहने भइयो । जसको हित चिताएर आफूहरूले कानूनी कारवाही चलाएका थिए उल्टो त्यही व्यक्ती थुनामा पर्न लागेको देखेर गोरखालीहरूले तत्काल धम्मवतीको रिहाइका लागि जमानत पेश गरे । तर गोरखालीहरूको झूठो आरोपको कारण उनीहरू देखि साऱ्है रिसाएकी धम्मवतीले उनीहरूको जमानतमा छुटेर जान चाहेन । त्यस्तो अन्योल परिस्थिति उत्पन्न भएको देखेर थानाकै एकजना भलादमी अधिकृतले आफ्नै जमानतमा धम्मवतीलाई आफ्नो घरमा आश्रय दिने निधो गऱ्यो ।

धम्मवतीलाई आश्रय दिने अधिकृतकी एउटी छोरी झण्डै धम्मवतीकै उमेरकी थिई । उनीहरू बीच भाषा रूपी पर्खाल भएपनि सहजै एक-अर्का प्रति स्नेह उत्पन्न भयो । अधिकृतकी छोरीले धम्मवतीलाई बर्मी भाषा सिकाउन थाली ।

केही हप्तापछि पासपोर्ट र भिसा नलिइकन बर्मामा पस्नुपरेको कारण देखाई नियमानुसार पासपोर्ट र भिसा दिलाइ पाउन धम्मवतीले दिएको निवेदन उपर अदालतमा सुनवाई हुने तारिखको दिन आयो । अदालतमा सबैभन्दा पहिले धम्मवतीसंग बर्मामा प्रचलन नभएको भाषामा निवेदन किन दिएको भन्ने सोधनी भयो । कुरा के थियो भने बर्मामा त्रिपिटकका सम्पूर्ण ग्रन्थहरू बर्मी लिपिले पालि भाषामा लेखिएका छन् । त्यसैले बर्मामा गएर त्रिपिटकको अध्ययन गर्न अठोट गरेकी धम्मवतीलाई स्थविर धम्मावुधले कुशीनगरमा रहँदा बर्मी अक्षरमा पालि पढ्न र लेख्न सिकाउनु भएको थियो । बर्मी भाषा अझै त्यति राम्रोसित सिक्न नपाएकी धम्मवतीले बर्मी अक्षरले पालि भाषामा नै आफ्नो निवेदन लेखेकी थिई । त्यसैले पढ्न सक्ने तर अर्थ नबुझ्ने निवेदन देखेर झर्केको सरकारी वकिलले सबैभन्दा पहिले निवेदनको भाषाकै प्रश्न

उठाएको थियो ।

सरकारी वकिलको सवाल सुनेर धम्मवतीले यसरी प्रश्न गरी– "के, श्रीमान बौद्ध हुनुहुन्न र ?"

अभियुक्तले सवाल गर्ने हिम्मत गरेकी देखेर सरकारी वकिलले झर्कंदै भन्यो– "यहाँ बौद्ध र अबौद्धसँग केही सरोकार छैन । यो अदालत हो । यहाँ कानूनी कुरामात्र हुनुपर्छ । अन्यथा अदालतको अवहेलना गरेको ठहरिने छ ।"

"मैले अदालतको अवहेलना गर्न खोजेको होइन । न त श्रीमान कै अवहेलना गर्न खोजको हुँ । किनभने श्रीमान्, यस बौद्ध राष्ट्र बर्मामा बुद्धको भाषा हुनाका साथै सम्पूर्ण बौद्धहरूले ठूलो मान्यता दिइआएको भाषा– "पालि भाषा" कानूनी रूपमा बैध होला भन्ने ठानेर मैले आफ्नो निवेदन पालि भाषामा लेखेको हुँ ।"

जसरी ब्रिटिश साम्राज्यको प्रभावमा परेका हिन्दुस्थान, पाकिस्तान आदि देशहरूका मानिसहरूमा अंग्रेजी भाषा बोल्नेहरूप्रति सत्कार गर्ने चलन छ, त्यसरी नै बर्मा, श्रीलङ्का आदि स्थविरवादी बौद्ध देशहरूका मानिसहरूमा पालि भाषा बोल्नेहरूप्रति सत्कार गर्ने चलन छ । त्यसैले सरकारी वकिलले, पालि भाषामा निवेदन दिने धम्मवतीप्रति पूर्वाग्रह रहित भएर राम्रो व्यवहार गऱ्यो । धम्मवतीले पालिमा लेखेको निवेदन बर्मी भाषामा उल्था गर्न लगाएर पुनः अदालत बस्ने अर्को तारिख दिइयो ।

धम्मवतीले आफ्नो बयानमा आफू सकभर छिटो त्रिपिटक पढ्ने तिव्र इच्छाको कारण पासपोर्ट र राहदानीको प्रतीक्षामा नबसिकन पैदल हिँडेर आएको हुनाले सकभर छिटो मोलमिन शहर स्थित खेमाराम शीलवती विहारमा जान पाउने र त्यही विहारमा बसेर नै नियमानुसार पासपोर्ट र राहदानी पाउने बारेमा आवश्यक कानूनी कारवाही गर्न पाउने अनुरोध गरेकी थिई । केही हप्तापछि दोश्रो तारिखको दिनमा उक्त निवेदन उपर बयान तलबी हुँदा न्यायाधीशले मिचीना जिल्लामा चलेको केस नटुंगिएसम्म धम्मवती मिचीना शहरमा पुलिस अधिकृतकै आरक्षमा रहनु पर्ने ठहर गऱ्यो । यसरी महिना दिन भन्दा लामो समय गुज्रेर गयो ।

त्यस अवधि भित्र स्थविर धम्मावुधले मोलमिन शहर र रंगूनमा रहेका प्रतिष्ठित दायकहरूसँग पत्राचार गरेर त्यस मामलामा आवश्यक सहयोग पाउने प्रयत्न गर्नुभयो । उहाँको मुख्य प्रयास सके धम्मवती र उसको केसलाई रंगून अदालतमा हस्तान्तरण गराउने नसके कमसेकम त्यो मुद्दा मात्रै भएपनि रंगूनमा पठाएर चाँडो तुङ्गो लगाउनु रह्यो । तर अड्डाको काम कहिले जाला घाम भने झैं भएर झन्दै दुई महिनाको समय त्यसै अलमलमा बित्यो । दुई महिना पछि बल्ल स्थविर धम्मावुधका विभिन्न दायक दायीकाहरूको सत प्रयासको फलस्वरूप धम्मवतीको मुद्दा रंगून चलान गरि पठाउनु भन्ने लिखित आदेश रंगूनबाट मिचीनाको अदालतलाई आयो ।

*(क्रमशः अर्को अङ्कमा हेर्नुहोला)*

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०८० जेठ | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | १ गते मंगलवार, संक्रान्ति | जवनवती | जवनवती |
| २ | ३ गते विहिवार, अष्टमी | सुवण्णवती | सुवण्णवती |
| ३ | १० गते विहिवार २५६८ औं वैशाख पूर्णिमा | खेमावती | धम्मवती |
| ४ | १८ गते शुक्रवार, अष्टमी | त्यागवती | त्यागवती |
| ५ | २४ गते विहिवार, औंशी | खेमावती | धम्मवती |

## धर्मकीर्ति पत्रिका विशेष सदस्य

*क्र.सं. ९६६*

**अष्टमाया मानन्धर**

डिल्लि बजार, काठमाडौं

रु. २,०००/–


*क्र.सं. ९६७*

**राजन शाक्य**

कोटेश्वर, काठमाडौं

रु. ४,०००/–





# धर्म शब्दको अर्थः एक अध्ययन–४

✍ **कुसलञाणी गुरुमां**
*रत्न विपश्यना विहार*

**१७. विसये :**

“**मनञ्च पटिच्च धम्मे च उप्पज्जति मनोविञ्ञाण**”**न्ति**[९०] **आदीसु विसये ।**[९१] मन र धर्महरू ठोकिँदा मनोविज्ञान उत्पन्न हुन्छ भनी आदिहरूमा विषयधर्म हुन्छ । **मधुपिण्डिक सुत्त** मा इन्द्रियका क्षेत्रको विषयमा ६ वटा चक्षु, स्रोत, घ्राण, जिह्वा, काय र मनमा सम्बन्धित आलम्बन क्रमशः रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म ठोकिन आउँदा चक्षुविज्ञान, स्रोतविज्ञान, घ्राणविज्ञान, जिह्वा विज्ञान, कायविज्ञान र मनोविज्ञान धर्म उत्पन्न हुन्छ । यहाँ मनमा कुनै विषयको कल्पना वा विचार उत्पन्न भयो भने कल्पना वा विचार आयो भनी जान्दछ । यसरी मनको आलम्बन भएको सम्पूर्ण विषयलाई धर्मको रूपमा पनि व्याख्या गरेको छ । यी तीनवटाको मिलनले स्पर्श हुन्छ । स्पर्शको कारणले वेदना उत्पन्न हुन्छ । जुन वेदना अनुभव गर्छ त्यसलाई जान्दछ, जुन जान्दछ त्यसलाई वितर्क गर्दछ, जुन वितर्क गर्दछ त्यसलाई बनाउँदै जान्छ । यसरी धर्मलाई विषय वा मनको आलम्बनको रूपमा व्याख्या गरी देखाएको छ ।

**१८. निब्बाने :**

“**सतञ्च धम्मो न जरं उपेती**”[९२] **ति एत्थ निब्बाने वत्तति ।**[९३] “सत्पुरूषहरूको धर्म जीर्णमा पुग्दैन” भनी यहाँ निर्वाणको अर्थमा धर्म रहन्छ । सत्पुरूषहरू अथवा बुद्धहरूको चित्त सन्ततिमा भएको नौ प्रकारका लोकुत्तरधर्मलाई कसैले पनि घात गर्न सकिदैन । निर्वाण असस्कृत धर्म हो अथवा नित्य धर्म हो । जुन कर्म, चित्त, ऋतु र आहारले बनाउन नसकिने परमार्थ धर्म हो । निर्वाण अवस्थामा नाम र रूप शुन्य भई सकेको हुन्छ । जसलाई परम् शान्ति भनी उल्लेख गरेको छ ।

**ङ) सूत्र एवं गाथामा धर्मको विभिन्न अर्थको विश्लेषणः**

**१. पठम र अन्तिम बुद्धवचन :**

भगवान् बुद्धले बुद्धत्व लाभ पछि वचनद्वारा प्रकट गर्नु भएको प्रीति (उदान) वाक्य –

**यदा हवे पातुभवन्ति धम्मा, आतापिनो झायतो ब्राह्मणस्स ।**
**अथस्स कङ्खा वपयन्ति सब्बा, यतो पजानाति सहेतुधम्मन्ति ।**[९४]

अर्थात्– जब वीर्यवान् क्षीणाश्रव ध्यानी ब्राह्मणलाई धर्म प्रकट हुन्छन् । त्यसबेला उसको सबै शंका निवारण हुन्छन् । जुनबेला हेतुसहितका धर्मलाई बुझ्छ । यस गाथामा ‘धर्म’ शब्दलाई सत्य धर्म र प्रतीत्यसमुपाद अर्थमा देखाएको छ । भगवान् बुद्धको कुशीनगरमा महापरिनिर्वाण हुनु भन्दा अगाडि वाचन गर्नु भएको अन्तिम वचन “**हन्ददानि भिक्खवे, आमन्तयामि वो वयधम्मा सङ्खारा अप्पमादेन सम्पादेथा**”**ति ।**[९५] अर्थात्– भिक्षुहरू ! अब तिमीहरूलाई आमन्त्रण गर्दछु – संस्कार व्यय धर्म हो, अप्रमाद भई सम्पादन गर । यस वचनमा धर्मलाई प्रकृति धर्म, स्वभाव धर्मको अर्थमा बुझ्न सकिन्छ । अप्रमाद शब्दमा सबै बुद्धवचनलाई समावेश गर्न सकिने यो उपदेश हो ।

*(क्रमशः अर्को अङ्कमा)*

९० मूलपण्णासपालि, पृ. १५८, तिपिटक पालि रीडर एप्लिकेशन ।
९१ पूर्वोक्त पादटिप्पणी नं. ३८ ।
९२ सगाथावग्गट्ठकथा, पृ. १२७, तिपिटक पालि रीडर एप्लिकेशन ।
९३ पूर्वोक्त पादटिप्पणी नं. ३८ ।
९४ उदान, पृ. १, तिपिटक पालि रीडर एप्लिकेशन ।
९५ पूर्वोक्त पादटिप्पणी नं. ४५, पृ. १०० ।

# नेपाःया बुद्ध-सासनय् आजीवन समर्पित महासद्धम्मजोतिकधज दि. सत्यशीला गुरुमां



✍ **अमिता धाख्वा** 'परियत्ति सद्धम्म कोविद'



**महासद्धम्मजोतिकधज दि. सत्यशीला गुरुमां**

*जन्मः ने.सं १०५०*

*(वि.सं १९८७) आषाढ २७ गते, शुक्रवार*

*दिवंगतः ने.सं. ११४४*

*(वि.सं. २०८१) जेठ ८ गते, मंगलवार*

**जन्मः**

वसपोल ने.सं. १०५० (वि.सं. १९८७) आषाढ २७ गते पुन्ही शुक्रबार ये बलम्बुया द्वम्बुई पिता मान बहादुर व माता जगतमाया तण्डुकारया सुपुत्री जुयाः जन्म कया बिज्यात । परिवारया सकसितं तुयूजः ब्यूवःम्ह अर्थय् "उज्याली" नामं म्हस्यूम्ह वसपोल मचाबलेनिसें सुवच स्वभाव दुम्ह जुयाच्वन । धर्मय् मन क्वसाःम्ह वसपोल तःधिकः जुइकाः नं उबलेया प्रचलित धर्म कथं धलं दनेगु, द्ययेक वनेगु, व्रत च्वनेगु, आदि तःधंगु भापाःलगे जुया बिज्यात । छन्हु धर्मचारी गुरुमापिं थःथाय् छें पाखे भिक्षा बिज्याःबले, ज्ञानमाला म्यें न्यंकाः उपदेश कना बिज्याःगु न्यनाः थःनं अथेहे जुइ दःसा ज्यू धयागु मनय् तया बिज्यात ।

श्रद्धेय चुल्लपन्थ, सुमंगल (मिखा मखंम्ह) भन्तेपिं बरोबर द्वम्बुया सतलय् च्वं बिज्यागु खः । उज्याली थः पासापिं नापं भन्तेपिंथाय् वना बुद्धपूजा यायेगु, शील प्रार्थना यायेगु सय्का बिज्यात । वि.सं. २००१ साल भन्तेपिंत देश निष्काशन याःगु इले श्रद्धेय चुल्लपन्थ भन्ते, सुमंगल भन्तेपिं निम्ह मखंक बुं बुं बिज्याना द्वम्बुइ च्वं बिज्यागु जुया देशं पितंका च्वने म्वाल । तर दुःखया खं खः स्यनेकने मनेदुम्ह श्रामणेर सुमंगल, भन्ते बलम्बुई फैले जूगु झाडावान्ता लोचं कया मन्त ।

**पूज्यपाद संघमहानायक प्रज्ञानन्द महास्थविर भन्तेया दर्शन एवं प्रेरणा**

मचांनिसें धर्मय् मन क्वसाःम्ह उज्याली तःधिकः जुइकाः वसपोल भन्तेया दर्शन विःसं. २००३ सालपाखे बलम्बुया खार्मय् प्राप्त जूगु खः । बलम्बुस प्रणिधिपूर्ण महाविहार मदुनिबले वसपोल भन्ते बलम्बुई खार्मय् नरसिंह उपासकं थःगु छें बाखा भन्तेयात बिज्याकेत तोताः विहारथें याना तःगु खः । उज्यालीयात दाजु कृष्ण बहादुरं (भिक्षु धम्मरक्खित) वसपोल प्रज्ञानन्द भन्तेयाथाय् निको स्वको धर्मोपदेश न्यकेत यंकूसां निसे बुद्धधर्मय् रस तायावल ।

वसपोल भन्तेयापाखें उज्याली नापं वया पासापिन्त "नमो बुद्धाय" निसें वर्णाक्षरया शिक्षा आरम्भ यानाः विद्या ब्वंकेगु लिसें बुद्धधर्मया सफू ब्वने फयेक शिक्षा कया बिज्यात । वसपोल भन्तेनं लिपा थःगु शरीरय् केसा, लोमा, नखा, दन्ता आदि स्वीनिगू कोट्ठास छुटे छुटे यानाः फारे यानाः स्वयेगु द्वतिंसाकार भावना नं याका बिज्यात । वसपोल ध्यान भावनाया अभ्यास यानावं यंकूलिसे भावनाया ज्ञान थुया वःलिसे कथहनं प्रव्रजित जीवनय् आकर्षित जुजुंवल । उकिं थः बाःयाके त्यागी जीवन हनेत प्रार्थना यात । न्हापांला याकः म्ह्याय् जुयाः

मां बाः पिंसं त्याग यायेगु इच्छा मयाः । पूज्यपाद भन्तेनं वसपोलया मां बाःपिन्त अनित्ययागु खँ कनाः बोध याना बिज्यात । संघमहानायक भन्तेनं २००५ सालं चिना बिज्याःगु कविता "य बाः छिथें जाःम्ह मदु उपकारी" धयागु म्यें बांलाक लय् तयाः वसपोल उज्यालियात मां बाःया न्ह्यःने हायेका बिज्यात । थ्व म्ये न्यनाः मां बाःया नुगः नाया अले त्यागी जीवन हनेत वचन दत । उलिजकमखु लिपा वसपोल भन्तेया धर्मोदेशं प्रभावित जुयाः बाः मान बहादुरं द्वम्बुस थःम्हं हे अप्पा छिनाः थःम्हं हे पं ध्यना हयाः परिवारपिं मिले जुयाः बिजयाराम विहार छगूनं दयेकाः अर्पण यानादिल ।

**ञाणशील गुरुमां नापलाःगुः**

संधमहानायक भन्ते २००६ साल पाखे बलम्बुया पल्ल बुई (गणेशलालया) बलचाय् सुथय् छक्वः जक भिक्षा बिज्यानाः जलपान तकं मयासे भोजन छछाः जक नयाः मौन व्रत धारण याना बिज्यासे ध्यान भावनाय् च्वना बिज्याःगु खः । लच्छिया मौन ध्यान च्वने क्वचाःगु दिनय् सुमनादेवी (गुरुमां ञाणशीला) व वसपोलया मां इन्द्रकुमारीपिं थ्याक्क धायेक थ्यंकः बिज्यात । थुबले निसें उज्याली सुमनादेवी नापं परिचित जक जूगु मखुसे धर्मया पासा हे जुल ।

संघमहानायक भन्ते द्वम्बुस वर्षावास च्वना बिज्याःज्वःछि यलया उपासक उपासिकापिं पुचःपुचः वयाः ध्यान याः वइगु खः । अबले नं उज्याली उपासिकां नके त्वंके यायेगु ज्याया नापं ध्यान नं च्वना बिज्याइगु खः । वसपोल गुरुमां संघमहानायक भन्तेया ओजश्वी छत्रछायाय् च्वनाः बुद्धधर्म अध्ययन व ध्यान भावनाया अभ्यास यायेगु सौभाग्य प्राप्तजूम्ह गुरुमां खः ।

**प्रव्रजित जीवनः**

वि.सं. २००६ कार्तिक सारनाथय् जूगु अग्रश्रावकपिनिगु अस्थिधातु जात्राय् अस्थिधातु दर्शन नापं प्रव्रज्या जुइगु मनसाय दुपिं निम्ह उपासिकापिं सुमनादेवी व उज्याली संघमहानायक भन्ते नापं चन्द्रागिरी तँ गयाः भिमफेदी राहदानी बुझे यानाः अनं गाडी च्वनाः रक्सौल थ्यंकाः रेलय् च्वनाः सारनाथय् थ्यंकः बिज्यात । अन थ्यंकाः अर्थात २००६ कार्तिक २० गते शनिवार अग्रश्रावक सारिपुत्र मौद्गल्यायनपिनिगु अस्थिधातु दर्शन जुल । अन हे उ, चन्द्रमणी महास्थविर गुरु नापलाःगु खः । तर अन उपयुक्त मौका काये मखंगुलि प्रव्रजित जुइमखन । अले कुशीनगरय् बिज्यानाः ऊ चन्द्रमणी गुरुयापाखें कार्तिक २८ गते अष्टमी आइतबार (नोभेम्बर १३, १९४९) प्रव्रजित गुरुमां दीक्षा कयाः प्रव्रजित जुयाःलि सत्यशीला गुरुमां जुया बिज्यात ।

**योगदानः**

प्रव्रजित जुयाःलि वसपोल गुरुमांपिं लिहाँ बिज्यानाः द्वम्बुइ निदँतक च्वनाः बुद्धधर्म अध्ययन नापं ध्यान भावनाया अभ्यास याना बिज्यात । वसपोल गुरुमांपिं अनंनिसे उप्व धैथें नापनापं च्वनाः सासनिक ज्याखँय् अग्रसार जुया बिज्यात । यलय् न्हापां च्वना बिज्याःबले याउंक च्वनेत थाय् मदु । उकिं गुबलें यतालबि छैंय्, गुबले सन्तुअजिया छैंय्, गुबलें थपाःबहिली च्वना बिज्यात । नयेत भिक्षा बरोबर वनेमाः । श्री सुमंगल विहारय् भन्तेपिन्त भोजनया व्यवस्था यायेगु, वथें माःमाःगु ज्या यानाः ग्वाहालि याःवनीगु जुयाच्वन ।

वसपोल सत्यशीला व ञाणशीला गुरुमांपिं मस्तयूत स्यनेकने याये मंदुपिं खः । यशोधरा बौद्ध विद्यालय स्थापनाया नितिं तःधंगु देन बिया बिज्याःगु जक मखु स्थापना जुइ धुंकाः नं ३, ४ दँ स्यना बिज्याःपिं खः ।

वसपोल गुरुमांपिं लिपा शाक्यसिंह विहार निर्माण जुइ धुंकाः दाता कुलनरसिंह साहु दान बिया बिज्याःगु नरसिंहारामय् थातं च्वना बिज्यात । शाक्यसिंह विहारया धार्मिक कार्यक्रम बांलाक न्ह्याकेया नितिं तःधंगु त्यवा बिया बिज्यात नापं उपासक उपासिकापिन्त पुण्यकार्यय् न्ह्यब्वायेया नितिं प्रेरणा बियावं च्वना बिज्यात । बिहारय् कथिन उत्सव व मेमेगु कार्यक्रम यायेत खर्च मदइबलय् गां गामय् व यलय् नं थाय् थायस् भिक्षा फ्वनाः ज्या तरे याइगु खः । ञाण्शीला गुरुमां उपदेश कनेगु उप्वः याना बिज्याःसा सत्यशीला गुरुमां विहारया ज्या यायेगुलिइ लगे जुया बिज्याइगु खः ।

वसपोलं नेपाल बौद्ध परियत्ति शिक्षाया प्रारम्भ ई २०२० सालंनिसें परियत्ति शिक्षा नं अध्ययन यानाः "परियत्ति सद्धम्म पालक उपाधि" पास याना बिज्याात नापं परियत्तिया विद्यार्थीपिन्त परियत्ति शिक्षा ब्वंका बिज्यात ।

सत्यशीला गुरुमां थः गुरुवर संघमहानायक

भन्तेयात सेवा यायेगु नापं संघपिनिगु सेवा यायेगु विहारय् बिज्याइपिं पाहुनापिन्त अतिथि सत्कार यायेगुलिइ गुबलें हे अलसि मचासे लय्ताःगु मनं सेवा सत्कार याना बिज्याइगु खः । अथेहे विरामीपिं उपासक उपासिकापिन्त अनुकम्पा तयाः छेँय्छेँय् बिज्यानाः मैत्री चित्तं परित्राण पाठ याना बिज्याइगु खः । शाक्यसिंह विहारय् ९४ वर्षया उमेरय् तक्कं न्हिथं बुद्धपूजा नापं घण्टौंतक परित्राण पाठ याना बिज्यायेगुलिइ अलसि मचाःम्ह खः । थुकथं श्रद्धापूर्वक बुद्ध शासनय् दुहाँ बिज्यानाः सासनिक ज्याय् लगे जुयाः उल्लेखनिय योगदान बिया बिज्याःपिं मध्ये सत्यशीला गुरुमां नं छम्ह खः ।

**सम्मान तथा उपाधिः**

वसपोल गुरुमां प्रव्रजित जीवन ५० दँ पूवंगु उपलक्ष्यय् थीथी संघ संस्थापाखें २०५६ मंसिर १८ गते अभिनन्दन-पत्र देछानाः? सम्मान याःगु जुल । वसपोलयात विभिन्न अवसरय् संघ संस्थापाखे हनेगु यानातःगु दु ।

वसपोल ताकालतक बुद्धशासनिक ज्याय् याना बिज्याःगु योगदानयात कदर यासे म्यानमार सरकारपाखें ई.सं. २००४ अप्रिल १ स 'महासद्धम्मजोतिकधज' पदं विभूषित याःगु जुल ।

**संघ संस्था नाप आबद्धः**

- संरक्षिकाः श्री शाक्यसिंह विहार
- प्रमुखः नरसिंहाराम विहार, थैना व
- संस्थापिकाः विजयाराम विहार, दोम्बु
- संरक्षिकाः प्रज्ञानन्दाराम विहार, ओकुबहाल
- संस्थापक संचालिकाः शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय
- सल्लाहकारः प्रज्ञानन्द स्मृति स्वास्थ्य सेवा केन्द्र
- धार्मिक भ्रमणः भारत, म्यानार, थाइलैण्ड, श्रीलंका, सिंगापुर, मलेसिया ।

**दिवंगतः**

मुसुमुसु न्ह्यूख्वा वःम्ह, मितभाषी, कुशलधर्म प्रेरिका महासद्धम्म जोतिकधज सत्यशीला गुरुमां २०८१ जेठ ८ गते सुथय् ५:१५ बजे शान्तपूर्वक दिवंगत जुया बिज्यात । थःगु सम्पूर्ण प्रव्रजित जीवन बुद्ध शासनय् ममर्पण यानाः ९४ वर्षय् देहावसान जूगु जुल । थ्व संवेजनीय खँ खः । बैशाख पुन्हि निन्हु न्ह्यो मदुम्ह वसपोलया पार्थिव शरीर श्री शाक्यसिंह विहारया धम्महलय् स्वन्हुतक तयाः श्रद्धाञ्जली देछायेगु जुवाच्वंगु जुल । प्यन्हुकुन्हु २०८१ जेठ ११ गते शुक्रवार सुथय अन्तिम श्रद्धाञ्जली/गुणानुस्मरण कार्यक्रम जुल । अनंलि न्हिनसिया १२:३० ताः इलय् विहारं शवयात्रा न्ह्याकाः शंखमूल घातय् २:०० बजे श्रद्धेय भन्ते, गुरुमापिं वथें उपासक उपासिकापिनिगु सहभागिताय् दाहसंस्कार जूगु खः ।

वसपोल गुरुमांयात निर्वाण प्राप्त जुयमा धकाः श्रद्धाञ्जलि द्यःछाना ।

अनिच्चावत संखारा, उप्पादवय धम्मिनो ।
उपज्जित्त्वा निरुज्झन्ति, तेसं वूपसमो सुखो ।

## भौतिक सुख र आध्यात्मिक ... ...

३) प्रज्ञा- शील र समाधिद्वारा शिक्षित भएको मनमा राग र द्वेष जस्ता कुप्रवृत्तिहरूले ठाउँ त्याग्दै जाने हुन्छ । प्रकाश भएको ठाउँमा अन्धकार स्वतः हटेर जाने जस्तै यथार्थता बोध अर्थात् प्रज्ञाले ठाउँ लिएको मनमा असल र खराब कार्यहरूलाई छुट्टाउने क्षमता उत्पन्न हुन थाल्छ । अज्ञानतालाई हटाउन सक्ने क्षमता भएपछि त्यस व्यक्तिले राम्रो नियतले राम्रै फल प्राप्त गर्ने र नराम्रो नियतले नराम्रै फल भोग्नुपर्ने कर्म र कर्मफल (कम्मसकता सम्यकदृष्टि) को ज्ञान बुझ्ने छ ।

यसरी यथार्थ ज्ञान बोध भइसकेको व्यक्तिले संसारमा सजीव, निर्जीव प्राणीहरू र वस्तुहरू सबै नाश हुँदै गइरहेको विषयमा यथार्थता ज्ञानको पनि अनुभव गर्न सक्ने हुन्छ । यस्तो व्यक्तिले कुनै पनि भौतिक विषय वस्तुमा आशक्तिपना राख्न सक्दैन । संसारको अनित्य स्वभावलाई भित्री मनले बुझिसकेको व्यक्तिको मन कुनै पनि व्यक्ति वा चीज बस्तुमा टाँस्न सक्दैन । यसरी उक्त व्यक्तिले राग र द्वेष जस्ता कुभावना श्रृजना गर्नु नै व्यर्थ ठानेको हुन्छ । राग र द्वेष रहित चित्तलाई नै निर्दोष, मुक्त, शान्त र निर्मल चित्त भन्न सकिन्छ । यसरी जब हामीले आफ्नो मनलाई शुद्ध र निर्मल पार्न सक्छौं तब आध्यात्मिक सुखको अनुभव गर्न सक्ने भाग्यमानी व्यक्ति बन्न सक्नेछौं । हामीले पनि यही सुख अनुभव गर्न सकौं ।

भवतु सब्ब मंगलम् ।

*धम्मपद*



# न्याय वर्ग

*भावानुवाद :* **सत्यमोहन जोशी**

यातसा सहसा ज्याखँ बिना विचार निर्णय
धर्मस्थित धका लोकेधाई मखु सुनां थन ॥१॥

खः मखु थ्व नितां सीका निष्पक्ष धैर्यनं कया
पण्डितं न्याय या जूसा धर्मे न्यायी जुई सदा ॥२॥

यक्को खँ सः धका धाय्वं ज्वी मखु थन पण्डित
नियह्मं अवैरीह्म खेमी खः थन पण्डित ॥३॥

खँजक आपलं ल्हाम्ह धर्मधर जुई मखु
परन्तु अल्प मात्रं खँ न्यना सबैव पुण्यगु
शरीरं नित सो यासा आचारण उखे अफ्न
धर्मे प्रमाद तातूसा सदा ज्वी धर्मया धर ॥४॥

भुयुसँ बुल धाय्वंजा स्थविर मखु सो सदा
धाई आयु फुना चोंम्ह बुढा केवल खः धका ॥५॥

सत्य धर्म अहिंसादि, संयम दमनादि थ्व
दया चोंसा सदा धाई धीर स्थविर शुद्ध व ॥६॥

छल कपट इर्ष्यादि, सुन्दर रूप युक्तम्ह
पुरुषयात बांलाम्ह धाई मखु सुनां थन ॥७॥

सुनां थ्व दोषया मू नष्ट याना च्वना च्वन
दोष रहित मेधावी धका धाई सदा थन ॥८॥

ब्रतहीन मिथ्याभाषीं यासांहे शीर मुण्डन
श्रमण ज्वी गथे धर्मे इच्छा लुब्ध जुया थन ? ॥९॥

स्थूल वा सूक्ष्म पापादि शमन याय्तु धुंकूम्ह
व्यक्तियात सदा धाई भिंम्ह श्रमणया गण ॥१०॥

दुराचरण युक्तम्ह व्यक्तिं भिक्षा फ्वना जुसां
भिक्षु ज्वीमखु सो लोके मिथ्या कार्य दया सधां ॥११॥

पुण्य पाप नितां बाह्य जुयान शान्ति मूर्तिम्ह
ब्रह्मचारी जुया चोंम्ह ज्ञानीम्ह भिक्षु खः थन ॥१२॥

विद्याहीनह्म मूर्ख सो मौनव्रत कया जुसां
मुनि धका सुनां लोके धाई मखु थथे च्वनां
ताल्जुईथें लना तत्व, पाप तोता सधां च्वना
मुनिनं धाय् हनं यासा मनन निगू लोकया ॥१३,१४॥

हिंसा याईम्ह लोके थ्व आर्य ज्वीमुख सो गनं
हिंसा मयाम्ह जा नित्य आर्य सतत ज्वी थन् ! ॥१५॥

शीलवान् ब्रतधारी बा बहुश्रुत व संयमी
हनं एकान्त वासी जि, जुया निष्क्रम्यया सुखी
हे भिक्षुपिं, गुथाय्तक्क आश्रव क्षय ज्वी मखु
दुःखं छुतय् जुया चोंम्ह धका विश्वास याय् मदु ॥१६,१७॥

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन गतिविधि

*ने.सं. ११४४ बछलाथ्व, एकादशी*
*(२०८० चैत्र २९ गते, शनिवार)*
*स्थान- धम्महल, धर्मकीर्ति विहार*
*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

उपासक अमृतमान ताम्राकार, बुद्ध हिरा ताम्राकारको पहिलो भीमरथारोहणको उपलक्ष्यमा पूज्य भिक्षुणी धम्मवती गुरुमां प्रमुख अन्य प्रव्रजित गुरुमांहरूबाट दिनभर अभिधम्म पाठ गरिएको थियो । यस कार्यक्रममा कार्यक्रमका आयोजक परिवारले धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूहलाई भजन प्रस्तुत गर्नको लागि गरिएको निमन्त्रणा स्वीकार गरी भजन प्रस्तुत गरियो ।

भजन गुरु पन्नाकाजी शाक्य र सचिव प्रेमलक्ष्मी तुलाधरले उपासक उपासिका अमृतमान ताम्राकार र बुद्ध हीरा ताम्राकारलाई खाडा ओढाई भजनको चीनो चैत्य प्रदान गरी सम्मान गरिएको थियो । उहाँहरूबाट भजनलाई रु. ५०००/- रकम सहयोग स्वरुप प्रदान गर्नुभएका थिए ।

# २५६८ औं बुद्ध जयन्ति



*मन्तव्य व्यक्त गर्नुहुँदै*
*प्रधानमन्त्री पुष्प कमल दाहाल*

२५६८ औं बुद्ध जयन्ति महोत्सव नेपालका विभिन्न जिल्लाहरूमा हर्षोल्लासपूर्वक मनाइएको समाचार यसरी प्राप्त भएका छन् ।

**१) लुम्बिनी, २०८२ जेठ १० बिहिबार**

२५६८ औं बुद्ध जयन्ति एवं लुम्बिनी दिवसको मूल अवसरमा लुम्बिनीमा आयोजित एक विशेष समारोहमा सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भगवान् बुद्धको जन्म थलो लुम्बिनीले नेपाललाई विश्वमा चिनाउने मात्र नभई धार्मिक पर्यटनको माध्यमबाट असीमित सम्भावना समेत उपलब्ध गराएको विषयमा चर्चा गर्नुभयो । मौर्य सम्राट अशोकद्वारा निर्मित अशोक स्तम्भको शिलालेखले बुद्ध जन्मभूमी लुम्बिनी भएको तथ्य अकाट्य रूपमा प्रमाणित भएको उल्लेख गर्नुहुँदै उहाँले सम्पूर्ण मानव जातिको साझा धरोहर एवं विश्व सम्पदाको महत्वपूर्ण अङ्ग पवित्र लुम्बिनीको विकासको लागि सरकारले लुम्बिनीलाई राष्ट्रिय गौरवको आयोजनामा सामेल गरी लुम्बिनी गुरु योजनाको बाँकी कार्य यथाशक्य पूरा गर्न लागि परेको जानकारी पनि दिनुभयो ।

मन्तव्य व्यक्त गर्नुहुने क्रममा प्रधानमन्त्री प्रचण्डले अन्तर्राष्ट्रिय दातृ राष्ट्र तथा संघसंस्थाहरूको समेत सहयोग तथा सहभागितामा सरकारले कपिलवस्तु क्षेत्र, देवदह क्षेत्र तथा रामग्रामको पुरातात्त्विक उत्खनन्, संरक्षण, प्रवर्द्धन तथा विकास गरी स्थानियवासीलाई विकासको प्रतिफल दिलाउन प्रयास भइरहेको उल्लेख गर्नुभयो भने वृहत्तर लुम्बिनी विकास परियोजनाको सफल कार्यान्वयन मार्फत उक्त सम्भावनालाई यथार्थमा बदल्न यस कार्यको प्रस्ताब बनाउन र पहल अगाडि बढाउन लुम्बिनी विकास कोषलाई निर्देशन पनि दिनुभयो । लुम्बिनीलाई अन्तराष्ट्रि बौद्धदर्शन र शिक्षाको अझ ठूलो केन्द्र बनाउनको लागि ठोस योजना अगाडि बढाएको विषयमा चर्चा गर्नुहुँदै प्रधानमन्त्री प्रचण्डले लुम्बिनी बौद्ध विश्व विद्यालयको समग्र ध्यान बौद्ध दर्शनको प्रवर्द्धन तर्फ केन्द्रित गर्न निर्देशन दिनुभयो ।

**२) आनन्दकुटी विहार स्वयम्भू, २०८१ जेठ १० गते, विहीबार**

बुद्ध जन्मभूमी राष्ट्र नेपालमा भगवान् बुद्धको जीवनोपयागी उपदेशलाई जनमानसमा पुऱ्याउने माध्यम अन्तरगत दशकौं अगाडि देखि बुद्ध जयन्ती मूल समारोह समितिले राष्ट्र प्रमुख वा सरकार प्रमुखको समेत गरिमामय उपस्थितिमा आनन्दकुटी विहार स्वयम्भूमा बुद्ध जयन्ती मनाउँदै विभिन्न प्रचार प्रसारमुखी धार्मिक क्रियाकलाप संचालन गर्दै आइरहेको थियो । यही सिलसिलामा यसपालि पनि यस ऐतिहासिक विहार आनन्दकुटीमा बुद्ध जयन्ति समारोह समितिको आयोजनामा २५६८ औं बुद्ध जयन्तीको उपलक्ष्यमा विशेष बौद्ध सभा संचालन गरियो ।

बुद्ध जयन्ति समारोह समितिका सल्लाहकार श्रद्धेय भिक्षु मैत्री महास्थविरको सभापतित्त्वमा, बागमती प्रदेशका माननिय संस्कृति पर्यटन तथा सहकारी मन्त्री शैलेन्द्र मान वज्राचार्यको प्रमुख अतिथित्त्वमा उपासिका अस्मिता क्षेत्रीले संचालन गर्नुभएको उक्त सभामा श्रद्धेय भिक्षु मैत्री महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको थियो । उक्त सभामा बुद्ध जयन्ती समारोह समितिका महासचिव गौतम शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि माननिय पर्यटन संस्कृती तथा सहकारी मन्त्री शैलेन्द्र मान वज्राचार्यले भगवान बुद्धको शिक्षा प्रचार कार्यमा विशेष भूमिका निभाउँदै आउनु भएका श्रद्धेय भिक्षु मैत्री महास्थविर, श्रद्धेय वीर्यवती गुरुमां र उपासक गुह्य रत्न शाक्यलाई उहाँहरूको योगदानलाई कदर गरी सम्मान-पत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा थेरवाद भिक्षु समूह, महायान




*पञ्चशील प्रार्थना गराउनु हुँदै श्रद्धेय भिक्षु मैत्री महास्थविर*




*माननिय मन्त्री शैलेन्द्र मान वज्राचार्यबाट सम्मान-पत्र ग्रहण गर्नुहुँदै श्रद्धेय वीर्यवती गुरुमां*

गुरुहरूको समूह र वज्रयानी गुरुजुहरूको समूहबाट मंगल पाठ गरिएको थियो ।

बुद्ध जयन्ति मूल समारोह समितिका उपाध्यक्ष भिक्षु पियदस्सी महास्थविरले नेपालमा बुद्ध शिक्षा प्रचार-प्रसार कार्यमा आइपरेका विभिन्न बाधा अड्चनहरू बारे ऐतिहासिक घटनाहरू समेत उल्लेख गर्नुहुँदै र वर्तमान समयमा पनि आइपरेका प्रतिकूल अवस्थाहरूलाई उल्लेख गर्नुहुँदै नेपालमा थेरवादी बुद्धशासनको परिचयात्मक परिस्थितिहरू विषयमा मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

मन्तव्य व्यक्त गर्नुहुने क्रममा १७ वडाका वडा अध्यक्ष नविन मानन्धरले शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै हरेक क्षेत्रहरूमा मानिसले आ-आफ्ना कमी कमजोरीहरूलाई नियाली त्यसलाई हटाउँदै अगाडि बढ्न सक्नु सबैको कर्तव्य भएको विषयमा चर्चा गर्नुभयो ।

यसरी नै भिक्षु भद्दिय महास्थविरबाट पनि शुभकामना मन्तव्य व्यक्त गर्नु भएपछि भिक्षु मैत्री महास्थविरले सभापतिको आशनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै नेपालमा थेरवादी बुद्ध शासनमा आइपरेका विविध समस्या एवं मारलाई हटाउन तत्कालिन श्रद्धेय भिक्षु अमृतानन्द महास्थविरको अमूल्य योगदान रहेको क्षणलाई स्मरण गर्नुभएको थियो ।

सो पश्चात् महायानी गुरु श्रद्धेय टेण्डर लामाले शुभकामना मन्तव्य व्यक्त गर्नु भएपछि श्रीलंका दूतावासबाट पाल्नुभएका प्रतिनिधिले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि माननिय शैलेन्द्र मान वज्राचार्यले भगवान् बुद्धले सिकाउनु भएको अमूल्य ज्ञान मध्ये असल नियतले गरेको काम र कुराको राम्रो नै फल प्राप्त हुने र दुषित नियतले गरेको काम र कुराको दुषित नै फल प्राप्त हुने विषयमा हामीले विश्वास राखी काम र कुरा गर्न सके हाम्रो भविष्य सफल हुने विषयमा चर्चा गर्नुभयो ।

कार्यक्रमको अन्त्यमा श्रद्धेय भिक्षु मैत्री महास्थविरबाट प्रमुख अतिथि माननिय मन्त्री शैलेन्द्र मान वज्राचार्यलाई सम्झनाको चीनो उपहार प्रदान गर्नु भएको थियो ।



*कार्यक्रममा सहभागी महानुभावहरू ।*

बुद्ध जयन्ति समारोह समितिका उपाध्यक्ष संघरत्न शाक्यले धन्यवाद ज्ञापन गर्नुभएपछि कार्यक्रमका सभापति श्रद्धेय भिक्षु मैत्री महास्थीविरले पुण्यानुमोदन गर्नुभई सभा विसर्जन गर्नु भएको थियो ।

यसदिन आनन्दकुटी विहार प्रांगणमा भगवान् बुद्धको अस्थिधातु सर्वसाधारणको लागि पनि दर्शन गराउन प्रदर्शन गरिएको थियो ।

**३) धर्मकीर्ति विहार, वि.सं. २०८१ जेठ १० गते, विहीवार**

**बुद्ध पूजा, धर्मदेशना र ध्यानभावना**

२५६८ औं बुद्ध जयन्तीको उपलक्ष्यमा धर्मकीर्ति विहारको धम्महलमा यसदिन बुद्ध पूजा कार्यक्रम सम्पन्न भएपछि श्रद्धेय धम्मवती गुरुमांले धर्मदेशना गर्नुहुँदै बैशाख पूर्णिमाको दिन भगवान् बुद्धको जीवनसंग ५ वटा संयोग जुरेको विषयमा जानकारी दिनुहुँदै धर्मदेशना गर्नुभएको थियो । यहीदिन साँझपख धर्मकीर्ति धम्महलमा ध्यान कार्यक्रम पनि सञ्चालन गरी सामूहिक ध्यान सम्पन्न गरियो ।

**४) धर्मकीर्ति विहार परिवारबाट अस्पतालमा विस्कुट र खानेपानी वितरण**







*वीर अस्पतालमा विस्कुट तथा खानेपानी वितरण गर्न पुग्नुभएका सहयोगीहरू*

धर्मकीर्ति विहारले हरेक बुद्ध जयन्तीको दिन वर्षेनी अस्पतालहरूमा विरामीहरूको सुस्वास्थ्य कामना गरी विस्कुट, पेय पदार्थ र खानेपानी वितरण गर्दै आइरहेको कार्यक्रमलाई निरन्तरता दिने क्रममा यसपाली २५६८ औं बुद्धजयन्तिको उपलक्ष्यमा पनि वीर अस्पतालमा विरामीहरूको सुस्वास्थ्य एवं मंगल कामना गरी विस्कुट र खानेपानी वितरण गरियो । धर्मकीर्ति विहारका प्रव्रजित गुरुमांहरू लगायत विभिन्न उपासक उपासिका दाताहरूका सहयोगमा यस कार्यक्रलाई निरन्तरता दिई पुण्य सञ्चय गरिएको छ ।

**५) अतलखु बहि, यट्खा, काठमाडौं ।**



*अतलखु बहि यटखा, काठमाडौं मिसापुच:बाट आयोजित २५६८ औं बुद्ध जयन्ति महोत्सवमा धर्मदेशना गर्नुहुँदै वीर्यवती गुरुमां र त्यागवती गुरुमां*



*कार्यक्रममा सहभागी मिसा पुच:*


*२०८१ जेठ ५ गते, शनिवार*

बुद्ध जयन्तिको उपलक्ष्यमा अतलखुवही मिसा पुचःको आयोजनामा वर्षेनी बुद्धपूजा र धर्मदेशना कार्यक्रम सञ्चालन भइरहेको थियो । सोही नियमित कार्यक्रम अनुसार यसपालि पनि २५६८ औं बुद्ध जयन्तिको उपलक्ष्इमा यसदिन बिहान बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न गरियो ।

कार्यक्रममा त्यागवती गुरुमां र वीर्यवती गुरुमांबाट बुद्धपूजा कार्यक्रम सञ्चालन गरियो भने वीर्यवती गुरुमांले बैशाख पूर्णिमा र भगवान् बुद्धको मूल शिक्षा संसार मनको अधिनमा चलिरहेको हुँदा हाम्रो नियत राम्रो हुनुपर्ने बुद्ध शिक्षा प्रस्तुत गर्नुहुँदै धर्मदेशना गर्नुभएको थियो ।

**६) श्री चतुर्ब्यूह नारायण, नारायणहिटी, काठमाडौं**

*२०८१ जेठ १० गते, विहिवार*



*नारायणहिटी परिसरमा स्थापित बुद्ध प्रतिमा*

यसदिन श्री चतुर्ब्यूह, नारायण, नारायणहिटी काठमाडौंमा बुद्धपूजा र धर्मदेशना कार्यक्रम सञ्चालन गरियो । उपासिका प्रमिला मानन्धरले उहाँको दिवंगत श्रीमान् शिवदास मानन्धरको पुण्यस्मृतिमा स्थापना गर्नुभएको बुद्ध मूर्ति परिसरमा सञ्चालित यस कार्यक्रममा वीर्यवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भएको थियो । उक्त कार्यक्रममा उहाँले पञ्चशील विषयमानै धर्मदेशना गर्नुभएको थियो । कार्यक्रममा उपासिका प्रमिला मानन्धरले बौद्ध झण्डाको महत्व प्रस्तुत गर्नुहुँदै ज्ञानमाला भजन प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यक्रममा राष्ट्रिय धरोहर संरक्षण प्रतिष्ठान नेपाल चतुर्ब्यूह फाउण्डेशन राष्ट्रिय पोशाक घर, नयाँबानेश्वरबाट पनि २५६८ औं बुद्ध जयन्ति कार्यक्रममा सहभागिता जनाउनु भएका थिए ।

कार्यक्रमको अन्त्यमा सामूहिक पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो ।

**७) विश्व शान्ति विहार, मीनभवन**

२५६८ औं बुद्ध जयन्ती (स्वाँया पुन्हि) तथा अन्तर्राष्ट्रिय लुम्बिनी दिवस यस वर्ष पनि सदा झैं पाँचवटा आवद्ध संस्थाहरू विश्व शान्ति विहार दायक समिति, भोजपुर टक्सार शाक्य समाज, चैनपुर शाक्य समाज, कल्याण पुचः एवं टक्सार सेवा समाजका संयुक्त तत्वावधानमा बुद्ध जयन्ती समारोह समिति गठन गरी साप्ताहिक रूपमा निम्न कार्यक्रमहरूका साथ सुसम्पन्न गरिएको समाचार छ ।

कार्यक्रमहरू -

२०८१ जेठ ५ गते, शनिवार : नयाँ बानेश्वर क्षेत्रमा भिक्षाटन विहान ७ बजेबाट

२०८१ जेठ ९ गते, बुधवार : अपरान्ह ३:३० बजे कल्पवृक्ष दान, ज्ञानमाला भजन गिलान प्रत्यय पूजा र बेलुकी दीपावली

२०८१ जेठ १० गते विहिवार : प्रातः ८ बजेबाट ज्ञानमाला भजन एवं धिमे बाजाको साथमा बुद्ध प्रतिमा सहितको रथको शोभा यात्रा ।

करीब ९:३० बजे शोभा यात्रा पश्चात् विहारमा पुगेपछि बुद्ध पूजा गरी सार्वजनिक बौद्ध सभामा परिणत भएको थियो । श्रद्धेय भिक्षु जनकबाट पञ्चशील प्रार्थना गराई बोधि दीप प्रज्वलन गरी शुभारम्भ गरिएको उक्त सभाको अध्यक्षतामा दायक समिति अध्यक्ष सुश्री अमिता धाख्वाबाट गरिएको थियो । साथै सभामा उपस्थित श्रद्धालु उपासक उपासिकाहरूलाई समारोह समितिका उपाध्यक्ष एवं चैनपुर शाक्य समाजका सल्लाहकार सदस्य श्री गंगा शाक्यद्वारा स्वागत गरिएको थियो ।

बुद्ध जयन्तीको सन्दर्भलाई लिएर धर्म देशना गर्ने क्रममा उक्त विहार एवं समारोहका प्रमुख आवासिय भिक्षु श्रद्धेय जनक भन्तेबाट चतुरार्य सत्य सम्बन्धी सारगर्भित धर्म देशना गर्नुभएको थियो । अन्तमा पुण्यानुमोदन गरी समापन गरिएको उक्त सभालाई अध्यक्ष सुश्री अमिता धाख्वाबाट समितिको तर्फबाट शुभकामना सहित धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त कार्यक्रमको सञ्चालन समारोह समिति सदस्य तथा दायक समितिका सहसचिव श्री प्रदिप शाक्य 'घोषक' ले गर्नुभएको थियो । यस अतिरिक्त मिति २०८१ जेठ १९ गते, शनिवार सोही विहारमा रक्तदान कार्यक्रम पनि आयोजना गरिएको थियो ।

**८) २५६८ औं बुद्ध महापरिनिर्वाण दिवस**

*नगदेश बौद्ध समूह, २०८१ जेठ १० गते, बिहिवार*

यसदिन २५६८ औं बुद्ध जयन्तिको उपलक्ष्यमा, नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचःको संयुक्त आयोजनामा नगदेश बुद्ध विहारमा बुद्ध पूजा र धर्मदेशनाको कार्यक्रम सम्पन्न गरिएको समाचार छ। प्राप्त समाचार अनुसार यसदिन श्रद्धेय केशावती गुरुमांले पञ्चशील र अष्टशील प्रार्थना गराउनुभएको उक्त कार्यक्रममा समूहका अध्यक्ष एवं वडा अध्यक्ष उपासक कृष्णकुमार प्रजापतिले बैशाख पूर्णिमा र पवित्र लुम्बिनी महोत्सव विषयमा चर्चा गर्नुभयो भने मध्यपुर थिमि नगर क्षेत्रका प्रथम न्यायाधिश उपासक लक्ष्मी कृष्ण श्रेष्ठले बुद्ध जयन्तिको महत्व विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो। यसरी नै ब्रह्मकुमारी राजयोग केन्द्र, नगदेशका प्रतिनिधि सति शावित्रीले पनि बुद्ध जयन्ति विषयमा मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा कवि विष्णु रत्न शाक्यले कविता प्रस्तुत गर्नु भएको थियो। बौद्ध ल्यायम्ह पुचःका अध्यक्ष शिव भक्त मेजुको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा कोषाध्यक्ष रत्नभक्त हाँयूजुले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

अन्त्यमा सामूहिक पुण्यानुमोदन र दान प्रदान गरी समापन गरिएको उक्त कार्यक्रममा उपासिका सुन्दरी माया धजुको पुण्य स्मृतिमा उपासक हेराबहादुर धजु परिवारबाट जलपान र भोजन प्रायोजन गरिएको थियो।

यसदिन भगवान् बुद्धको प्रतिमा खटमा राखी साँस्कृतिक बाजा गाजाका साथ ज्ञानमाला भजन गाई नगदेश नगर परिक्रमा गराइयो।

बु.सं. २५६८ तथा बुद्ध जयन्तिको उपलक्ष्यमा २०८१ जेठ ६ गते देखि ११ गतेसम्म अल्पकालिन श्रामणेरी र ऋषिणी प्रव्रज्या कार्यक्रम पनि सम्पन्न गरियो। उक्त कार्यक्रममा जम्मा २४ जना उपासिकाहरूले भाग लिनुभएका थिए। उहाँहरूको नाम यसरी उल्लेख गरिएका छन् –

श्रामणेरी प्रव्रज्या हुने व्यक्तिहरू –

१) पद्मतारा शाक्य २) सरस्वती डंगोल

३) चन्दुदेवी महर्जन

ऋषिणी प्रव्रजित व्यक्तिहरू –

मनोहरा स्थापित, उज्ज्वला तुलाधर, सान्त्वना तुलाधर, गंगादेवी तुलाधर, सुजिता श्रेष्ठ, सर्जुना शर्मा, असल माया प्रजापति, हरी देवी धजु, सूर्यमाया कोजु मायादेवी दुवाल, कान्छी माया दुवाल, गुणलक्ष्मी वाडे, तुलसीमाया वाडे, कान्छीमाया बुढा श्रेष्ठ, तुइलमाया कौरी, कृष्ण लक्ष्मी नायःजु, कान्छीमाया नायःजु, गणेशमाया धजु, गणेश माया तको, अष्टमाया वैद्य र तरिमाया सिकेमन आदि। ■

## आवरण चित्र परिचय बाँकी अंश ... ...

यसो हेर्दा कुनै क्षत्रिय कुलको युवक जस्तै देख्नुहुन्छ। मेरो जिज्ञासा पूरा गरिदिनको लागि के तपाईंले आफ्नो परिचय दिनुहुन्छ ?" गृहत्यागी सिद्धार्थ कुमारले भन्नुभयो –

"हिमालय तराईका एक जनपदमा रहनुभएका कोशल देश निवासी धीर एवं पराक्रमी राजाको पुत्र हुँ। गोत्र सुर्यवंशी, जाती शाक्य हो। यही कुलबाट प्रव्रजित भएको हुँ।"

यति परिचय पाउने बित्तिकै राजा बिम्बिसारले गृहत्यागी सिद्धार्थ कुमार कोशल साम्राज्याको अधीनमा रहेको शाक्य गणतन्त्रका राजा शुद्धोदनको पुत्र भएको थाहा पाए। राजाले सोच्यो– "सम्भवतः यस प्रभावशाली युवक केही पारिवारिक कलहको कारणले दरवार त्यागी प्रव्रजित भएका होलान्। त्यसैले उहाँलाई प्रव्रजित जीवनबाट मुक्ति दिलाउन पर्‍यो। यसको लागि आफ्नो साम्राज्यको एक भाग प्रदान गरी अधीश्वर बनाइदिने प्रशताव राखे। तर प्रव्रजित सिद्धार्थ बिम्बिसार महाराजको प्रस्तावलाई दृढतापूर्वक स्वीकार गर्नुभएन। राजकुमार सिद्धार्थ आफू यस लोकबाट पार लाग्नको लागि लोकोत्तर अवस्थाको परम सत्य प्राप्त गर्नको लागि प्रव्रजित भएको सत्य तथ्य अवस्थाको खुलासा गर्नुभयो। यो लक्ष पूरा गर्नको लागि उहाँको दृढ संकल्प रहेको विजयमा पनि जानकारी दिनुभयो। त्यसकारण राजा बिम्बिसारको प्रस्ताव स्विकार्य हुन नसकेको यथार्थलाई पनि प्रस्तुत गर्नुभयो।

महाराज बिम्बिसारले गृहत्यागी सिद्धार्थ आफ्नो लक्ष्य प्राप्तिको लागि र आफ्नो संकल्प प्रति अडिग रहनुभएको विषयमा राम्ररी बुझे। त्यसपछि राजा बिम्बिसारले

*( क्रमशः पेज २० मा हेर्नुहोला )*

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, ५२ औं वार्षिक भेला



*सभापतिको आसनबाट ओवाद दिनुहुँदै श्रद्धेय धम्मवती गुरुमां*



*स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै सचिव लोचन तारा तुलाधर*



*अध्ययन गोष्ठिको आर्थिक प्रतिवेदन प्रस्तुन गर्नुहुँदै कोषाध्यक्ष राम कुमारी मानन्धर*



*ध.बौ.अ.गो.को शनिवाररिय कक्षा प्रतिवेदन प्रस्तुत गर्नुहुँदै सह सचिव मचाकाजी महर्जन*



*धर्मकीर्ति पुस्तकालयको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै मीन शोभा शाक्य*

*२०८१ बैशाख ५ गते, शनिवार*

*स्थान- धम्महल, धर्मकीर्ति विहार*

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ५२ औं वार्षिक भेला सम्पन्न गरियो । श्रद्धेय धम्मवती गुरुमांको सभापतित्वमा र श्रद्धेय भिक्षु पियरत्नको प्रमुख अतिथित्वमा गोष्ठीका सदस्य उर्मिला ताम्राकारले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा सचिव लोचनतारा तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा गोष्ठीका विभिन्न इकाईहरूबाट वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरियो ।

**वार्षिक प्रगति प्रतिवेदन तालिका –**

| क्र. सं. | वार्षिक प्रगति प्रतिवेदन | प्रतिवेदन प्रस्तुतकर्ता |
|---|---|---|
| १ | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | सचिव लोचनतारा तुलाधर |
| २ | आर्थिक प्रतिवेदन | कोषाध्यक्ष, रामकुमारी मानन्धर |
| ३ | शनिवारिय कक्षा प्रतिवेदन | कक्षा सञ्चालक मचाकाजी महर्जन |
| ४ | पुस्तकालय प्रतिवेदन | प्रमुख सहयोगी, मीन शोभा शाक्य |

**सम्मान पत्र प्रदान –**

बुद्ध धर्म चिरस्थायी गर्ने कार्य क्षेत्रमा अमूल्य योगदान दिने व्यक्तिहरूलाई धर्मकीर्ति अश्वघोष सम्मान र धर्मकीर्ति धम्मवती सम्मान प्रदान गर्दै आइरहेको कार्यलाई निरन्तरता दिँदै यसपाली इन्द्रकुमार नकर्मीलाई धर्मकीर्ति अश्वघोष सम्मान र डा. रीना तुलाधरलाई धर्मकीर्ति धम्मवती सम्मान प्रदान गरियो ।

**धर्मोप्रहार प्रदान –**

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा सञ्चालित शनिवारिय कक्षा लिई सहयोग गर्नुहुने भन्ते गुरुमांहरू लगायत अन्य महानुभावहरूलाई पनि यस कार्यक्रममा सम्मान पूर्वक धर्म उपहार प्रदान गरियो ।


**गोष्ठीद्वारा सञ्चालित कार्यक्रमका संयोजकहरूलाई उपहार –**

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा एकवर्ष भित्र सञ्चालित अनेक कार्यक्रमहरूका संयोजक भई सहयोग गर्नुहुने व्यक्तिहरूलाई पनि उपहार प्रदान गरिएको थियो । तालिका द्वारा कार्यक्रम र संयोजकहरूको विवरण यहाँ प्रस्तुत गरिएको छ ।


| क्र.सं. | कार्यक्रम | संयोजक |
|---|---|---|
| १ | विभिन्न कार्यक्रम | सुमित्रा तुलाधर |
| २ | Buddhism for Youth | केशव डंगोल |
| ३ | गुरुपूजा | नोविद शाक्य |
| ४ | शिल्पविद्या प्रशिक्षण | रमा कंसाकार |
| ५ | हाजिर जवाफ प्रतियोगिता | मचाकाजी महर्जन |

**विविध क्षेत्रका लागि सम्मान –**

कार्यक्रममा डा. रीना तुलाधर Master in Pali Studies मा उत्तिर्ण हुन सफल भएकोमा र उमा



पञ्चशील प्रार्थना गराउनुहुँदै
श्रद्धेय भिक्षु पिय रत्न



धन्यवाद ज्ञापन गर्नुहुँदै
सदस्य सुमीत्रा तुलाधर



कार्यक्रम सञ्चालन गर्नुहुँदै
सदस्य उर्मिला ताम्राकार



श्रद्धेय भिक्षु पियरत्नबाट सम्मान-पत्र ग्रहण गर्नुहुँदै
श्री ईन्द्र कुमार नकर्मी



श्रद्धेय धम्मवती गुरुमांबाट धर्मकीर्ति धम्मवती सम्मान-पत्र
ग्रहण गर्नुहुँदै डा. रीना तुलाधर



कार्यक्रममा सहभागी उपासक उपासिकाहरू

मानन्धरले Master in Buddhist Studies मा उत्तिर्ण हुन सफल भएकोमा उहाँहरू दुबैलाई पनि सम्मान गरियो । यसरी नै नेपालभाषा टाइम्स् प्रत्रिकामा बुद्ध शिक्षामा आधारित लेख लेखी पञ्चवीर सिंह पुरस्कार प्राप्त गर्न सफल लेखिका प्रेमलक्ष्मी तुलाधरलाई पनि सम्मान गरियो ।

प्रव्रजित साना गुरुमांहरूलाई स्टेशनरी सामान प्रदान

आनन्द कुटी विद्यापीठमा अध्ययनरत प्रव्रजित बालिका गुरुमांहरूको समूहलाई धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तर्फबाट आवश्यक स्टेशनरी सामानहरू प्रदान गरी पुण्य सञ्चय गरियो ।

कार्यक्रमको अन्त्यमा सभापतिको आशनबाट मन्तव्य व्यक्त गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमांले भन्नुभयो–

“बुद्ध शासनरूपी रथ सफलतापूवक अगाडि बढाउनको लागि आवश्यक ४ पांग्राहरू छन् । ती मध्ये भिक्षु भिक्षुणीको रूपमा रहनु भएका भन्ते गुरुमांहरू उक्त रथका अगाडिको पांग्रा हुन् भने उपासक र उपासिकाहरू पछाडिका पांग्रा हुन् ।

त्यसैले यी चारवटा पांग्राहरू मध्ये अगाडिका दुई पांग्राहरूलाई अगाडि बढ्न हौसला र ताकत दिंदै सहयोग गर्ने कर्त्तव्य पछाडिका पांग्राहरू उपासक उपासिकाहरूको रहेको छ ।

भगवान् बुद्धले कुरालाई भन्दा कामलाई महत्व दिनुहुन्छ, त्यसैले हामी सबै मिलेर एक आपसमा सहयोग गरी बुद्ध शासन चिरस्थायी बनाउन काम गर्नुपरेको छ ।”

कार्यक्रमको अन्त्यमा सुमित्रा तुलाधरले धन्यवाद ज्ञापनगरी कार्यक्रम समापन गर्नुभएको थियो । ■

## आवरण चित्र परिचय बाँकी अंश ... ...

गृहत्यागी सिद्धार्थ समक्ष यसरी निवेदन गरे– “जब सिद्धार्थले सम्यक सम्बोधि प्राप्त गर्नुहुनेछ, तब उहाँले यस अमूल्य ज्ञान एवं धर्मोपदेश दिनको लागि राजगिरीमा अवश्य आउनुहुनेछ ।”

गृहत्यागी राजकुमार सिद्धार्थले बिम्बिसार राजाको यस प्रार्थनालाई स्विकृती दिनुभयो र उहाँ आफ्नो अगाडिको यात्रामा लाग्नुभयो ।



पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।

आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।

**बिश्व मोटर ट्रेडर्स**

अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।

मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्‌हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# धर्मकीर्ति विहारया ४२ क्वःगु हि दान ज्याङ्ग्वः क्वचाल

थ्व हे वंगु २०८१ जेष्ठ ५ गते (ने. सं. ११४४ बछलाथ्व दशमी) शनिवाः कुन्हु २५६८ क्वःगु स्वाँयापुन्हिया लसताय् ४२ क्वःगु हिदान ज्याभ्वः धर्मकीर्ति विहार स्वास्थ्य कमिटिया ग्वसालय् क्वचाल । ज्याभ्वः धर्मकीर्ति विहारया गुरुमांपिनि पाखें परित्राण पाठ यानाबिज्यासे न्ह्याकुगु खः । लुमंके बहःजु धर्मकीर्ति विहारं दयँदसं बुद्ध जयन्ती (स्वाँया पुन्हि) न्ह्यः.या शनिवार थुगु हि दान ज्याभ्वः न्ह्याका वयाच्वंगु खः ।

उगु ज्याभ्वःलय् २६ म्ह मिसापिं व २८ मिजंपिंयाना मुक्कं ५४ म्हसिनं थःगु अमुल्यगु हि दान याना दिइगु खः । संयोजक भाजु मचाकाजी महर्जनया संयोजकत्वय् जूगु थुगु हि दान ज्याभ्वःलय् प्राविधिक ग्वाहाली नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसंचार सेवा, ताहाचल पाखें दुगु खः । अथे हे हि दातापिन्त फलफूल आदि नकेत्वंकेत स्वयंसेवकपिंस ग्वाहाली यानादिइगु खः ।


थुगु हि दान ज्याभ्वःपाखें अस्पतालय् वासःयाका च्वंपिं विरामीतय्त माःगु हिया व्यवस्थापन यायेत छुं भचासां ग्वाहाली जुइगु भलसा दु ।

**थौंया ज्याङ्ग्वलय् हि दान याना बिज्यापिं/दिइपिनिगु नां धलः थथे दु :-**

१) रमिना श्रेष्ठ, २) रचना सिंह ३) नानीमैयाँ महर्जन ४) लक्ष्मी महर्जन, बसुन्धरा ५) कृतज्ञ महर्जन ६) विना कंसाकार ७) स्मृती तण्डुकार ८) राकेश शाक्य, शंखमुल ९) प्रज्ञादेवी शाक्य, शंखमुल १०) प्रकाशमान श्रेष्ठ, जयबागेश्वरी ११) श्रद्धेय सुवण्णवती गुरुमां, धर्मकीर्ति विहार १२) श्रद्धेय शुभवती गुरुमां, धर्मकीर्ति विहार १३) दिपेश शाक्य, नःघल १४) स्मृति तुलाधर, खुसिबुँ १५) रबिन श्रेष्ठ, असन १६) रेजिना ताम्राकार, भोटाहिटी १७) सरिना ताम्राकार, लाजिम्पाट १८) सुरेश महर्जन, पकनाजोल १९) सिद्धार्थ शाक्य, कुमारीपाटी २०) श्रृजना ताम्राकार, डल्लु २१) सोनाल रंजित, जैशीदेवल २२) कविता रंजित, मञ्जुश्री २३) रामकृष्ण महर्जन, बबरमहल २४) विनय शाक्य, छ्राबहाल २५) कविता डंगोल, बसुन्धरा २६) युना स्थापित, बहतीपोखरी २७) लालबहादुर बस्नेत, श्रीघः २८) रिम्सा महर्जन, बबरमहल २९) सुनदेवी महर्जन, नयाँबजार ३०) सगिना महर्जन, त्यौड ३१) बिनिमा श्रेष्ठ, भक्तपुर ३२) हिमालयकाजी श्रेष्ठ, श्रीघः ३३) भक्तबहादुर कटुवाल, नःघल ३४) अगम्यरत्न कंसाकार, केलटोल ३५) इन्द्रमान महर्जन, खुसिबुँ ३६) संजय महर्जन, ब्रह्मटोल ३७) आनन्द तुलाधर, नक्साल ३८) राजेन्द्र महर्जन, ठंहिटी ३९) नविन ज्योती तुलाधर, मखन ४०) उमा मानन्धर, सामाखुसी ४१) पिलिन्द बानिया, डल्लु ४२) प्रविन श्रेष्ठ, पाटन ४३) किरण शाक्य, मखन ४४) सुजन वैद्य श्रेष्ठ, बाँसबारी ४५) रोजिना शाक्य, मखन ४६) निरन शाक्य, मखन ४७) श्रेणी शाक्य, मखन ४८) आकार श्रेष्ठ, बाँसबारी ४९) अभिव तुलाधर, असन ५०) प्रज्ञान तुलाधर, भोटाहिटी ५१) मृनाल श्रेष्ठ, ज्याठा ५२) अकिल रत्न तुलाधर, श्रीघः ५३) सुनिल श्रेष्ठ, टोखा ५४) प्रमिला कर्माचार्य, जयबागेश्वरी

**हि दान ज्याङ्ग्वःयात श्रद्धापूर्वक ग्वाहाली याना दिइपिनिगु नां धलः थुकथं दु :-**

१) श्रद्धेय धम्मवती गुरुमां, धर्मकीर्ति विहार २) कमलकेशरी तुलाधर ३) कविता तुलाधर, लालदरवार ४) मोहनदेवी महर्जन, ठमेल ५) पार्वती चित्रकार, न्ह्योखा ६) किर्तिमैयाँ सिंह, खुसिबुँ ७) लक्ष्मी महर्जन त्यःर ८) छोरीमैयाँ महर्जन, ज्याठा ९) पुष्पलक्षी शाक्य, ठूलो भऱ्याङ्ग १०) बुद्धकुमारी मानन्धर, धोविघाट ११) अञ्जन मानन्धर १२) मिनरवती तुलाधर १३) रत्नशोभा महर्जन १४) सुभद्रा स्थापित/सुवित्री तुलाधर १५) लक्ष्मी महर्जन १६) जमुना महर्जन १७) ललिता शाक्य १८) तारणी स्थापित १९) दुर्गा शाक्य २०) तारा महर्जन २१) प्रज्ञा शाक्य २२) लक्ष्मी महर्जन, डल्लु २३) सुमित्रा शाक्य, क्वहिती २४) नानीशोभा, टेबहाः २५) रामदेवी महर्जन, ज्याथा २६) रामेश्वरी चित्रकार, तंलाछी २७) माइली नानी महर्जन २८) भक्त २९) महालक्ष्मी श्रेष्ठ ३०) बालकुमारी मुनिकार ३१) लक्ष्मी श्रेष्ठ ३२) सावित्री बज्राचार्य ३३) रमिला बज्राचार्य ३४) अष्टदेवी शाक्य ३५) सानुमाया महर्जन ३६) लक्ष्मी महर्जन, सोल्टी ३७) सानु महर्जन, ताहाचल ३८) जगत मान महर्जन ३९) गंगा महर्जन ४०) जगतमाया मानन्धर, डल्लु ४१) केशब डंगोल, कालधारा ४२) रामकृष्ण महर्जन ४३) शारदा श्रेष्ठ ४४) सुदर्शन रत्न शाक्य



*हि दान याना च्वंपिं रक्तदातापिं*

थुगु हिदान ज्याभ्वलय् हि दान यायेत मुक्कं ५९ म्हेस्यां नां दुतिना दिइगु ख:सा न्याम्हसिनं विभिन्न कारणं हि दाना याये मज्युगु ख: । अथे हे ४८ म्ह हि दातापिं न्हापा नं बिया दिइधुंकूपिं ख:सा खुम्ह हि दातापिंसं न्हापां खुसिइ हि दान याना दिइगु ख: । अथे हे उमेरया ल्याखँ दकले अप्व: ४१ दँ निसें ५० दँ तकया हि दातापिं दुगु ख: ।

थ:गु मूवंगु हि दान याना दिइपिं सकल हि दातापिं, ग्वाहालि यानादिइपिं श्रद्धेय गुरुमापिं, उपासक, उपासिकापिं, भोजनया व्यवस्था यानादिइपिं गोष्ठी भोजन पुच:या दुज:पिं, प्राविधिकपिं रोजी श्रेष्ठ, शर्मिला ठाकुर, सदिक्षा भट्टराई व निकिता आचार्य नापं सकलसितं आयोजक पाखें आपालं साधुवाद देछागु दु । बोधि टेलिभिजन पाखें थुगु ज्याभ्व:या समाचार संकलन यानादिइगु ख:सा भाजु केशब डंगोलजुं ज्याभ्व:या फेसबुक लाइभ नं याना दीगु ख: । ■

## निर्वाण मूर्ति किम्डोल विहारमा एकदिने ध्यान शिविर

निर्वाण मूर्ति किम्डोल विहारमा २०८१ जेठ १ गते देखि प्रत्येक महिनाको १ गते एक दिवसिय ध्यान शिविर सञ्चालन गरिने निर्णय भएको बुझिएको छ ।

सोही निर्णण अनुसार जेठ १ गते करिव ३० जना साधक साधिकाहरूले सहायक आचार्य जय महर्जनको सुपरिवेक्षणमा एक दिवशिय ध्यान शिविरमा भाग लिनुभएका थिए ।

यसरी नै जेठ १० गते बुद्ध पूर्णिमाको पावन अवसरमा पनि स.आ. श्री सुरेश महर्जनबाट सञ्चालित ध्यान शिविरमा ३४ जना साधक साधिकाहरू सहभागी हुनु भएका थिए । ■

# धर्मकीर्ति विहारय् न्हिच्छि यंकं अभिधर्म पाठ

*२०८१ जेठ २६ गते, शनिवार*

*थाय्- धम्महल, धर्मकीर्ति विहार ।*

उपासिका पद्मकुमारी वज्राचार्यया ज्याःजंकोया लसताय् वय्कःया आयु आरोग्य व ता आयुया कामना यासे श्रद्धेय प्रव्रजित गुरुमांपिनि पाखें न्हिच्छियंकं अभिधर्म पाठ जूगु दु । श्रद्धेय धम्मवती गुरुमांमं पञ्चशील प्रार्थना याका बिज्यास्य शुरु जूगु उगु ज्याभ्वले वसपोलं पञ्चशीलया महत्व कना बिज्यास्य बुद्ध शासन रक्षा यानातयूत न्हापां स्वंगू पिटक मध्ये अभिधर्म पिटक रक्षा याय्माःगु विषये धर्मदेशना यानाबिज्यात । अभिधर्मय् नं न्हापा धम्मसङ्गणी ग्रन्थय् न्त्यब्वयातःगु कुशल चित्त, अकुशल चित्त व अव्यागत चित्तया विषय विश्लेषण यानाबिज्यात ।

उपासिका पद्मकुमारी वज्राचार्यया परिवार दुजःपिनिगु ग्वसालय् न्त्याःगु थुगु ज्याभ्वले ज्याभ्वःग्वसाःमि परिवार पाखें आमन्त्रित प्रव्रजित गुरुमांपिन्त दान प्रदान यासे पुण्य सञ्चय यानादीगु खः । पाठ क्वचायकाः श्रद्धेय सुजाता गुरुमामं अभिधर्मया महत्व विषये धर्मदेशना याना बिज्याःगु खः ।

**अभिधर्म न्हय्गू ग्रन्थ पाठ जूगु तालिका –**

| क्र. | पाठ | पाठ यानाबिज्याःपिं गुरुमांपिं |
|---|---|---|
| १ | धम्मसङ्गणी | अनुपमा, अग्गञाणी, चित्तारक्खिणी |
| २ | विभंग | जयवती, वीर्यवती, शुभवती |
| ३ | धातु कथा | दानवती, मेत्तावती, कुशलवती |
| ४ | पुग्गल पञ्ञति | केशावती, खेमावती, पवरञाणी |
| ५ | कथावत्थु | पञ्ञावती, सुजाता, सुनन्दावती |
| ६ | यमक | त्यागवती, निर्मलञाणी |
| ७ | पट्ठान | नन्दावती, विमलञाणी, इन्दावती, वजिरा |

ज्याभ्वःया अन्त्ये पद्मकुमारी वज्राचार्य सहित दाता परिवारपिं सकसिनं थःथः पितृजनपिनि सुगति सहित निर्वाण कामना यासे पुण्यानुमोदन यानाः ज्याभ्वः क्वचायकूगु खः ।




*अभिधर्म पाठ श्रवण यानाबिज्यास्य उपासक उपासिकापिं*



*पुण्यानुमोदन यानाबिज्यास्य उपासिका पद्मकुमारी लगायत सपरिवार*



## सत्यशीला गुरुमां रहनु भएन



**महासद्धम्म जोतिक धज श्रद्धेय सत्यशीला गुरुमां**

*जन्मः १९८७/३/२७ गुरुपूर्णिमा*

*दिवंगतः २०८१/२ त्रयोदशी, मंगलवार*


नरसिंहाराम विहारका प्रमुख, शाक्य सिंह विहारका संरक्षिका, दोम्बु विजयाराम विहारका संस्थापिका, र प्रज्ञानन्दाराम विहारका संरक्षिका महासद्धम्म जोतिक धज श्रद्धेय सत्यशीला गुरुमां २०८१ जेठ ८ गते बिहान ५:१५ बजे ९४ वर्षको उमेरमा दिवंगत हुनुभयो । उहाँको पार्थिव शरीर श्री शाक्यसिंह विहारको धम्महलमा ३ दिन सम्म राखी उहाँको पुण्य स्मृतिमा भन्ते गुरुमांहरूको तर्फबाट परित्राण पाठ गर्नुभएका थिए

सत्यशीला गुरुमांले बुद्ध शासनका आफ्नो जीवन समर्पण गर्नुभई बुद्ध शिक्षा प्रचारको लागि पुऱ्याउनु भएको अमूल्य योगदानलाई कदर गरी विभिन्न विहारका भन्ते गुरुमांहरू लगायत उपासकोपासिकाहरूबाट ३ दिनसम्म श्रद्धाञ्जली अर्पण गर्नु भएका थिए ।

दिवंगत हुनु भएको ४ औं दिनमा अर्थात् २०८१ जेठ ११ गते शुक्रबार बिहान अन्तिम श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरी दिउँसो १२:३० बजे शाक्यसिंह विहारबाट उहाँको पार्थिव शरीर शवयात्रा गरी शंखमूल घाटमा दिउँसो २ बजे श्रद्धेय भन्ते गुरुमांहरू लगायत उपासकोपासिकाहरूको सहभागितामा दाहसंस्कार गरियो ।

कार्यक्रममा सहभागी हुनुभएका सबै भन्ते गुरुमाहरूलाई सत्यशीला गुरुमांको पुण्य स्मृतिमा दान प्रदान गरिएको थियो । यसको साथै सत्यशीला गुरुमांको सुगति एवम् निर्वाण हेतुको कामना गरी सामूहिक पुण्यानुमोदन गरियो ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



## दिवंगत शान्त महर्जन

मुसुमवहाल, भलननी वडा नं. १२, काठमाडौं

*जन्मः वि.सं. २०१३ मंसिर ७ गते विहिवार पञ्चमी*

*दिवंगतः वि.सं २०८१ जेठ ८ गते, शुक्रवार, अष्टमी*

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःया दुजः बसुन्धरा महर्जनया जहान **शान्त महर्जन** ने.सं. ११४४ बछलागाः अष्टमी २०८१ जेठ १८ शुक्रवारया दिनस दिवंगत जुयादिल । वयकःया परलोक जीवन सुगतिमय जुयाः निर्वाण हेतु चूलाय्मा धकाः आशिम यासे पुण्यानुमोदन यानाच्वना ।

अथेहे थुगु दुःख जाःगु इलय् वयकःया छ्यँजःपिसं त्रिलक्षणया स्वभाव थ्वीकाः धैर्य धारण याय्फय्मा धकाः कामना यानाच्वना ।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः**

धर्मकीर्ति विहार, श्रीघः नःघः, यें

# जिमि बाःया गुणानुस्मरण



## दिवंगत बाः मूल चक्रेश्वर चन्द्रकुमार वज्राचार्य

*बुदिं: बि.सं. १९६८ बैशाख – मदुगुदिं: बि.सं. २०६५ असार १८ गते, बुधवार*

- धम्मवती गुरुमां, दो गुणवती गुरुमां नाप बुद्ध शिक्षा अध्ययनं लिपा बर्मा देशं नेपाःदे लिहाँ बिज्याना धर्मकीर्ति विहार स्थापना याना बिज्याःगु इलं निसें विहारया नियमित बुद्ध पूजा व धर्मदेशना ज्याभ्वलय् ब्वति कया बिज्याईम्ह अनन्त गुण दुम्ह जिमि बाः चन्द्रकुमार वज्राचार्य ।
- धर्मकीर्ति विहार स्थापना ज्वीन्त्यो वसपोल धम्मवती गुरुमां सहित मेपिं गुरुमांपिं ज्याःबहाः तःखाछ्यैं जनबहाः आदि थासं थासय् च्वनाबिज्याःबले नं वसपोलपिन्त फुकथं गुहाली यानाः पुण्य याय् सःम्ह जिमि बाः ।
- लजगाःया ज्याभ्वले यक्को ईतक कलकत्ता व कालिम्पोङ्गय् च्वना बिज्याःबले नेपाःया थेरवाद बुद्ध शासनय् च्वनाबिज्याःपिं श्रद्धेय भन्तेपिन्त नेपाःदेशं पितिना छ्वःगु इलय् वसपोल भन्तेपिन्त माःगुकथं गुहाली यानाः पुण्य रूपी पुसापीत ताःलाःम्ह खः जिमि बाः ।
- धमकीर्ति पत्रिका पिदंसांनिसें थुगु पत्रिकाया सदस्य जुयाः दर्जनौं ग्राहक दय्काः धर्मप्रचार ज्याय् गुहाली याना बिज्याःम्ह खःजिमि बाः ।
- धर्म प्रचार ज्याय् समर्पित जुयाः भन्ते गुरुमांपिन्त आवश्यक गुहाली याय्गुली मन कोसाःम्ह जिमि बाः ।
- ८६ दँया बैश तकनं साइकल गयाः धर्मकीर्ति विहारय् बिज्याना च्वंम्ह जिमि बाः बृद्ध अवस्थां यानाः साइकल तोताः बुलुहुँ बुलुहुँ न्यासि हे बिज्यानाः फत्तले विहारे थ्यंकाच्वंम्ह जिमि बाः ९७ दँ या वैशय् शरीर त्याग याना परलोक जुयाबिज्यात ।

वसपोलंया परलोक जीवन सुगति व सुखमय जुयाः वसपोल पिनाथकूगु पुण्य शक्तिं याकन हे निर्वाण हेतु नं चूलाय्मा धकाः जिपिं परिवारया दुजःपिसं आशिका यासे पुण्यानुमोदन यानागु जुल । भवतु सब्ब मंगलम् ।

म्ह्यायपिं :

**कमला वज्राचार्य, रमला वज्राचार्य, निर्मला वज्राचार्य, सपरिवार**

वसन्तपुर, यँ ।

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८०/०८१)

# साधुवाद !



**मूल चक्रेश्वर दिवंगत उपासक चन्द्रकुमार वज्राचार्य**

*बुदिंः बि.सं. १९६८ बैशाख*

*मदुगुदिंः बि.सं. २०६५ असार १८ गते, बुधवार*



**दिवंगत उपासिका मैजु वज्राचार्य**

*बुदिंः बि.सं. १९७३ जेठ पञ्चमी शुक्लपक्ष*

*मदुगुदिंः बि.सं. २०६२ असार १ गते, अष्टमी*

**बसन्तपुर, यैं**

धर्मकीर्ति पत्रिका वर्ष ४२ अङ्क ३ या रङ्गिन कभर पेज प्यंगू पाना मूल चक्रेश्वर दिवंगत उपासक **चन्द्रकुमार वज्राचार्य** व दिवंगत उपासिका **मैजु वज्राचार्य** पिनिगु पुण्य स्मृतिस वयक:पिनि म्ह्याय्पिं- कमला वज्राचार्य, रमला वज्राचार्य व निर्मला वज्राचार्य, सपरिवार वसन्तपुर यैं पाखें धर्मदान यानादीगु खः ।

धर्मदान यानाः सञ्चय यानादीगु पुण्य शक्तिं दाता परिवारया दिवंगत बाः **चन्द्रकुमार वज्राचार्य** व मां **मैजु वज्राचार्य** लगायत वयक:पिनि सम्पूर्ण पितृजनपिन्त सुगति सहित निर्वाण हेतु प्राप्त ज्वीमा धकाः पुण्यानुमोदन यानागु जुल ।

धर्मदान यानादीपिं दाता परिवारपिनि नं आयु आरोग्य व निरोगी कामना याना । वयक:पिंस नं बुद्ध शिक्षा अभ्यास यासे थथ:गु जीवन सफल यानादी फय्मा धकाः आशिका यासे धर्मदानया लागि साधुवाद व्यक्त यानागु जुल । भवतु सब्ब मंगलम् ।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं**

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com